محمد ﷺ خاتم النبيين - نيبالي

# नबी ﷺ को जीवनी



196

شعبة توعية الجاليات بالزلفي

هاتف: ٤٢٣٤٤٦٦ ٠٦ فاكس: ٤٢٣٤٤٧٧ ٠٦ ص.ب: ١٨٢

**السيرة النبوية**

**أعده وترجمه للغة النيبالية**

**شعبة توعية الجاليات بالزلفي**

**الطبعة الأولى ١٤٣٣هـ**


ح شعبة توعية الجاليات بالزلفي ، ١٤٣٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

شعبة توعية الجاليات بالزلفي

مختصر السيرة النبوية / شعبة توعية الجاليات بالزلفي

١٤٣٣هـ

٦٣ ص : ١٢ × ١٧ سم

ردمك : ٠ - ٣٨ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

(النص باللغة النيبالية)

١- السيرة النبوية أ - العنوان

ديوي ٢٣٩ ١٤٣٣ / ٨٥٣٦

رقم الإيداع : ١٤٣٣ / ٨٥٣٦

ردمك : ٠ - ٣٨ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

الصف والإخراج : **شعبة توعية الجاليات بالزلفي**

# السيــرة النبويــة
# नबी ﷺ को जीवनी

## नबी हुनु भन्दा पिहला अरबको स्तिथी ।

मुर्ती पुजा नै अरबमा प्रचलित धर्म थियो, र सही धर्मको बिरुध मुर्ती पुजालाई धर्मको रुपमा धारण गर्नको कारणले नै त्यस अवधिलाई जाहेलियत अर्थात मुर्खताको नाम दिएको छ, अल्लाह बाहेक जुन् प्रसिद्ध मुर्तीहरुको उनीहरुले पुजा गर्नु हुन्थ्यो भने त्यस्को नाम लात, मनात, उज्जा, र होबल थियो, तर अरबमा केहि व्यक्तिहरु यस्तो पनि थियो जुन् यहुदि, क्रिश्चन, र मजुसी धर्मलाई धारण गरेको थियो, र उनीहरु मध्ये थोडै संख्यामा यस्तो व्यक्तिहरु पनि थिए जुन् इब्राहीम عليه السلام को धर्म र बाटोलाई समातेको थियो ।

आर्थिक जीवनमा गाउँको क्षेत्रहरु पुर्ण रुपले चराउनु पर्ने जनावरहरु माथि निभर्व थियो, र शहरमा आर्थिक जीवन कषि र व्यापार माथि निर्भरव थियो, त्यस्तै ईस्लाम भन्दा पहिला अरब द्विपमा मक्का व्यापारको ठुलो शहर थियो, मदिना र ताएफ जस्तो केहि सांसकृतिक ठाउँहरु पनि थिए, र यदि सामाजीक स्तरको कुरा गरौं भने चारै तिर अत्याचार फैलिएको थियो, कम्जोरलाई कुनै अधिकार थिएन, केटिहरुलाई जिउँदो गाडने रेवाज थियो, हराम कार्यहरु मज्जाले हुन्थ्यो, शक्तिशालीहरु कम्जोरको हक खाइरहेको थियो, उनीहरुले अन्गिणीत विवाह गर्नु

हुन्थ्यो, व्यभिचार एउटा साधारण कुरा थियो, कुलहरुको बीच सानो सानो कुराले लडाइ भइहाल्थ्यो, यहाँ सम्म कि एउटै कुल भित्र आपसमा पनि लडाइ हुन्थ्यो ।

ईस्लाम प्रकाशित हुनु भन्दा पहिला अरब द्विपको स्तिथी संक्षिप्तमा यही थियो ।

**दोहरो बलिदानको छोरा** – नबी ﷺ को बाजे अब्दुल मुत्तलिब माथि कुरैश कुलको मानिसहरु धेरै गर्व महसुस गर्थे किन भने वहाँले अधिक संख्यामा सन्तान र धेरै धन सम्पत्ति पाएको थिए, र यस कारण अब्दुल मुत्तलिबले यो मन्नत मान्नु भयो कि यदि अल्लाहले मलाई दसवटा (१०) छोरा प्रदान गर्नु भयो भने त्यस मध्ये एउटालाई म भगवानको निकट बली दिन्छु , र यस्तै भयो, वहाँले दसवटा छोरा पायो, जस मध्ये एक नबी ﷺ को पिता अब्दुल्लाह पनि हुनु हुन्थ्यो, त्यस पछि जब अब्दुल मुत्तलिबले आफनो मन्नत पुरा गर्न खोजनु भयो त वहाँले आफनो सबै छोराको नाउमा चिट्ठा निकालनु भयो, तर चिट्ठा अब्दुल्लाहको नाउमा आयो, जब वहाँले अब्दुल्लाहको बली दिने प्रयास गर्नु भयो त सबै मानिसहरुले वहाँको बिरोध गर्नु भयो र त्यस्तो नगर्ने प्रस्ताव राखनु भयो, ताकि समाजमा यो एउटा चलन र रेवाज न भइहालोस, र फेरि सबै यस कुरा माथि सहमत हुनु भयो कि अब्दुल्लाह र १० ऊँटको बीच चिट्ठा निकालनु पर्छ , त्यो १० ऊँट चाहिं अब्दुल्लाहको सट्टामा हुन्छ, तर जब उनीहरुले चिट्ठा गर्नु भयो त अब्दुल्लाहकै नाम आयो,

त्यस पछि उनीहरुले दुइगुणा अधिक ऊँट हाल्नु भयो तर पनि अब्दुल्लाहकै नाम आयो, त्यस पछि प्रत्यक पटक उनीहरुले ऊँटको संख्या बढाउँदै गयो तर संधै अब्दुल्लाहको नाम नै आउँ थियो, यहाँ सम्म कि जब ऊँटको संख्या १०० पुग्यो त ऊँटको नाम आयो, र यस प्रकार अब्दुल मुत्तलिबले आफनो छोरा अब्दुल्लाहको नाउमा १०० ऊँट काटनु भयो.।

अब्दुल्लाह आफनो पिताको सबभन्दा प्रिय छोरा थियो, खास गरि त्यस्को सट्टामा ऊँट काटिए पछि त अझै प्रिय हुनु भयो, र जब अब्दुल्लाह ठुलो हुनु भयो त वहाँको पिताले वहाँको लागि बनु जोहरा कि एउटि केटि आमेना बिन्ते वहबलाई रोजनु भयो, त्यस सँग विवाह सम्पन्न भयो र आमेना गर्भवति भइ, गर्भको तीन महिना पछि अब्दुल्लाह एउटा व्यापारि समुह सँग सिरया तिर लागनु भयो, तर फर्केर आउँदा बाटोमा बेरामी हुनु भयो र मदिनामा आफनो मामा बनु नज्जारमा ठहरिनु भयो, र त्यहिं वहाँको देहान्त भयो र माटोको हवाला हुनु भयो ।

यता गर्भको समय पुरा भयो, र सोमवारको दिन मोहम्मद ﷺ जन्मिनु भयो, तर वहाँको जन्म मिति बारे कुनै खास महिना र दिन तोकिएको छैन, कसैले ९ रबिउल अव्वल भनिन्छ त कसैले १२, कसैले रमजानको महिनामा जन्मिएको हो भनिन्छ त कसैले कुनै अर्कै मिति भनिन्छ , वहाँको जनम ५७१ ई. स. मा भयो,. र यसै बर्षले आमुल फिल अर्थात हाथीको साल भनिन्छ ।

**हाथीको कथा** – अब्रहा अलहबशी जो कि यमनमा

नज्जाशीको नायब थियो, जब उसले यो देख्यो भयो कि अरबको व्यक्तिहरु मक्का शहरमा काबाको हज गर्नु हुन्छ , त्यसलाई महान बुझ्नु हुन्छ , र टाँढा टाँढाबाट त्यहाँ आउनु हुन्छ भने सन्आ नामको शहरमा उस्ले एउटा ग्रजा घरको स्थापना गर्नु भयो, ताकि अरबको हाजीहरु पनि मक्का छोडेर यहिं आउन थालोस, तर अरबको एउटा कुल बनी केनानाको एउटा व्यक्तिले जब यस कुरा बारे थाहा पाउनु भयो त रातको समयमा त्यस ग्रिजा घरमा गएर दिवारहरुमा गोबर लिपदिनु भयो, अब्रहालाई जब यस कुराको जानकारि भयो त धेरै रिसायो र क्रोधित भयो, र साठ हजारको संख्यामा एउटा ठुलो सैनिक तयार गर्नु भयो, साथमा नौवटा हाथी पनि थियो, यति तयारिका साथ काबालाई ध्वंसत पार्नका लागि मक्का तिर हिंड्यो , आफनो लागि एउटा ठुलो हाथी रोजनु भयो, मक्काको नजिक पुगेर आक्रमनको लागि आफनो सैनिकलाई तयार गर्नु भयो, तर हाथीहरु अगाडि बढेनन् बरु त्यहिं बसनु भयो, हाथीहरुलाई यदि अर्को दिशामा लगाउँ थियो भने दौडन थाल्थ्यो र यदि काबाको दिशामा लगाउँ थियो भने बसि दिन्थ्यो, यस्तो हुँदै थियो कि त्यहि समयमा अल्लाहले उनीहरु माथि अबाबील नामको एउटा पन्छि पठाउनु भयो, र त्यो पन्छिले उनीहरु माथि सानो सानो ढुँगा हिडकाउन थाल्यो, र त्यो ढुँगाहरु नर्कको आगोमा तताएको थियो, हरेक पन्छि आफु सँग तीनवटा चना बराबरको ढुँगा बोकेको थिए, एउटा आफनो चोंचमा र दुइवटा आफनो दुवै खुट्टामा, जस्लाई पनि लाग्थ्यो त्यस्को अँगहरु कटन र झडन थाल्थ्यो, र अन्तमा त्यस्को मृत्यु

भइहाल्थ्यो, यस प्रकार सबै बाटोमै लडदै भागन थाल्यो, र अब्रहालाई अल्लाहले यस्तो रोगमा फाँसयो कि उस्को सबै औंलाहरु झडिहाल्यो, र सन्आ पुग्ने सम्म धेरै पिडा भयो र अन्तमा त्यहिं उस्को मृत्यु भयो, यहाँ मक्कामा कुरैशको व्यक्तिहरु सैनिकको डरले आफनो ज्यान जोगाउनको लागि पहाड र खोलाहरुमा लुकाएको थियो,तर जब सैनिक माथि यस्तो संकट आयो त उनीहरुले आफनो आफनो घर तिर सुरक्षित फर्किनु भयो, यो घटना नबी ﷺ को जन्म भन्दा पचास दिन अघिको हो ।

## नबी ﷺ ले खाएको दुध।

जब नबी ﷺ को जन्म भयो त वहाँको काका अबुलहब कि दासी सोवैबहले वहाँलाई दुध खुवाइन् र यस भन्दा अघि उस्ले वहाँको काका हजरत हमजा बिन अब्दुल मुत्तलिबलाई पनि दुध खुवाएकि थिइन् , यस प्रकार हजरत हमजा ﷺ नबी ﷺ को रेजाइ भाइ (एउटै महिलाको दुध खाएको) भयो, अरबमा एउटा बानी थियो कि उनीहरु आफनो सन्तानहरुको लागि गाउँको दाई आईमाई खोजने गर्थ्यो जहाँ शरिरको बिकास र स्वास्थको सबै व्यवस्था पाइन्छ, र त्यहि कारण नबी ﷺ ले अर्कै दाई आईमाईको घरमा सर्नु भयो, वहाँको जन्मको समयमा बनू सअद कि महिलाहरु दुध खुवाउने बच्चाहरुको खोजमा मक्का पुगेकि थिइन् , सबै महिलाहरु घर घर जाँदै थिइन, तर अनाथ र गरिब हुने कारण नबी ﷺ लाई राखने कुरामा कोहि पनि सहमत

भइनन् , र ती महिलाहरु मध्ये एउटि हलिमा सादिया पनि थिइन् जस्ले नबी ﷺ लाई राखने तयार भएकि थिइनन् तर उस्ले धेरै प्रयास गरेर पनि आफु सँग लैजाने कुनै धनि घरको सन्तान पाइनन् , ताकि त्यस्को मजदुरीले जीवनको कठिनाई र गरिबीको दुख:मा सहायता प्राप्त होस, खास गरि अनिकालको त्यो सालमा, अन्तमा थोडै मजदुरी र अनार्थ बच्चा माथि संतुष्ट भइ आमेनाको घर तिर फर्किने बिचार गरिन् , हलिमा आफनो श्रीमाण सँग एउटा कमजोर, पातलो, र बिस्तारै हिंडने ऊँटनी माथि सवार भएर मक्का आएकि थिइन्, तर रसुल ﷺ लाई आफनो गोदमा लिएर फर्किने समय त्यहि सबभन्दा अगाडि धेरै तेजीले दौडि रहेकि थिइ, साथीहरु त साह्रै अचम्म हुनु भयो, र जस्तोकि हलिमा आफै भन्नु हुन्छ कि उस्को स्तनमा थोडै दुध आउँ थियो र भुकको कारण उस्को बच्चा संधै रोई रहन्थ्यो, तर जब उस्ले आफनो छाती रसुल ﷺ को मुखमा हालने भइन् त धेरै दुध आउन थाल्यो, हलिमाले बनी साअदको क्षेत्रमा अनिकालको बारेमा बयान गर्दै भन्नु हुन्छ कि जब उस्ले यो बच्चालाई दुध खुवाउने सुनौलो मौका पाईन् त उस्को धरतिमा धेरै अनाज भयो र जनावरहरुको संख्यामा पनि बृद्धि भयो, बरु उस्को अवस्था नै बदलिन थाल्यो, गरिबी र कठीनाइको ठाउँमा धन् र खुशी प्राप्त भयो ।

मोहम्मद ﷺ ले हलिमाको पालन पोषनमा दुइ बर्ष बिताउनु भयो, र हलिमाले पनि वहाँलाई निकै ख्याल राखने गर्नु हुन्थी,

उस्लाई महसुस भइसकेको थियो कि यस बच्चालाई एउटा अनौठो र बेगलै प्रकारको अवस्थाले घेरि राखेको छ , दुइ बर्ष पछि हलिमाले वहाँलाई वहाँको आमा र बाजेको घर लिएर गइन् , तर हलिमा जुन् नबी ﷺ को बरकत (उन्नति) द्वारा आफनो बदलिएको प्रस्थिती देखेकि थिइन् आमेना सँग धेरै आग्रह गरिन् ताकि दोश्रो पटक पनि वहाँलाई आफु सँग राखने अनुमति प्राप्त भइहालोस, र यस प्रकार आमेनाले फेरि एक चोटि वहाँलाई राखंने अनुमति प्रदान गर्नु भईन् , हलिमा खुशी खुशी अनार्थ बच्चा लिएर आफनो गाउँ बनि साअदमा फर्किने भइन् ।

## छाती च्यातने घटना।

एक दिनको समयमा जब मोहम्मद ﷺ करिब करिब चार बर्षको भइसकेको थियो, र जुन् समय वहाँ आफनो रेजाइ भाइ अर्थात हलिमा सादियाको छोरा सँग टेन्ट भन्दा टाँढा भएर खेलदै थियो कि हलिमाको छोरा डराइएको अवस्थामा दगुरदै आउनु भयो र आमालाई आफनो कुरैशी भाइ तिर पुगने अनुरोध गर्नु भयो, हलिमाले सोधिन् कि के भयो? त जवाफमा उस्ले भन्नु भयो कि मैले दुइ जनालाई सेतो लुगामा देखेको छु, उनीहरुले मोहम्मद ﷺ लाई लगिरहेका छन् र वहाँलाई लेटाएर वहाँको छाती च्यातदो रहेछन् , त्यस्को भनाइ सकिने भन्दा पहिला नै हलिमा दौडन थालिन्, मोहम्मद ﷺ हक्काबक्का आफनो ठाउँमा उभिएको थियो, वहाँको अनुहारको रँग पनि पहेलो र फिका भइसकेको थियो, हलिमाले तुरुन्तै सोधनु भइन् कि के भएको? त

वहाँले भन्नु भयो कि म ठिक छु , र त्यस पछि पुरा कथा सुनाउनु भयो कि सेतो लुगामा आएको दुइजनाले मलाई लगेर मेरो छाती च्यातनु भयो, फेरि मुटु निकालनु भयो, र त्यस्बाट एउटा कालो टुका निकालेर फालनु भयो, फेरि चिसो पानीले मुटुलाई धोनु भयो, त्यस पछि फेरि मुटुलाई भित्र राखेर छातीमा हात फेरनु भयो, फेरि ठाउँ छोडेर जानु भयो र लुकाउनु भयो, हलिमाले मोहम्मद ﷺ लाई टेन्टमा ल्याईन् र अर्को दिन फजर हुने बित्तिकै मक्का ल्याइ, बच्चा राखने उतसाहित हलिमालाई यस्तो समयमा देखेर आमेना अचम्म भइन्, र कारण सोधनु भइन् , त हलिमाले छाती च्यातने घटना सुनाउनु भइन् ।

आमेना आफनो अनार्थ छोरा सँग बनि नज्जारमा वहाँको मामाहरु सित भेँट घाँटको लागि मदिना तिर लागनु भइन् र केहि दिन त्यहिं बिताउनु भइन् , मक्का फर्किने समय बाटोमा अबवा नामको ठाउँमा वहाँको देहान्त भयो, र त्यहिं धरतिको हवाला भइ, मोहम्मद ﷺ ले त्यहिं आफनो आमालाई बिदा गर्नु भयो, र त्यो समय मोहम्मद ﷺ को ऊमेर ६ बर्षको थियो, अब वहाँको सम्पुर्ण जिम्मेबारि वहाँको बाजे अब्दुल मुत्तलिबको थियो, तसर्थ अब्दुल मुत्तलिबले वहाँको पालन पोषन गर्नु भयो, वहाँको ख्याल राखनु भयो, र वहाँ प्रति माया ग्राँसनु भयो, तर ८ बर्षको उमेरमा वहाँको बाजेको पनि देहान्त भइहाल्यो, त्यस पछि वहाँको काका अबुतालिबले गरिबी र अधिक सन्तानका बावजूद वहाँको पालन पोषन गर्नु भयो, वहाँको काका र उनकि

श्रीमतिले वहाँलाई आफनै छोरा जस्तो मान्नु भयो, र यस अनार्थ बच्चालाई पनि आफनो काका सँग धेरै माया भयो, वहाँको प्रार्थमिक प्रशिक्षण चाहिं यस्तो अवस्थामा भयो, सच्चाई र निष्ठा माथि हिरकनु भयो, यहाँ सम्म कि सच्चाई र निष्ठा वहाँको पहिचान भइसकेको थियो, तसर्थ यदि कोहि यो भन्थ्यो कि निष्ठा आयो अथवा सच्चा आयो भने मोहम्मद ﷺ नै बुझिन्थ्यो ।

जब नबी ﷺ अलिकति ठुलो हुनु भयो त जीवन्मा आफै माथि निर्भर हुने प्रयास गर्नु भयो र जीवीका कमाउनमा जुटि हाल्यो, श्रम र कमाइको यात्रा शुरु गर्नु भयो, र थोडै पैसामा कुरैशको केहि व्यक्तिहरुको बाखा चराउन थाल्यो ।

वहाँले सिरयाको एउटा व्यापारि यात्रामा पनि भाग लिनु भयो, जस्मा खदिजा बिन्ते खोवैलिदले धेरै पुंजी लगाएकि थीइन्, खदिजा एउटि धनी बिध्वा महिला थिइन्, र यस यात्रमा उस्को पुँजीको वकिल र जिम्मेबार उस्को आफनो दास मैसरा थियो, रसुल ﷺ को बरकत र वहाँको निष्ठाको कारण खदिजालाई व्यापारमा निकै र धेरै फायदा भयो, कहिले यस्तो भएको थिएन, तसर्थ उस्ले आफनो दास मैसरासित यस फायदाको कारण सोधनु भइन्, जवाफमा उस्ले भन्नु भयो कि मोहम्मद बिन अब्दुल्लाहले नै सामान लगाउने र बिकि गर्ने जिम्मेबारि लिएको थियो, मानिसहरुको भिड पनि धेरै संख्यामा भयो, त्यस कारण नै यति ठुलो फायदा भएको छ, वहाँले कसै सँग धोका गर्नु भएन, खदिजाले आफनो दास मैसराको कुरा ध्यान पुर्वक तरिकाले सुन्नु

भइन्, उसले पहिला देखि नै मोहम्मद बिन अब्दुल्लाहको बारेमा केहि कुराहरु जानी राखेकि थीइन् र यस प्रकार मोहम्मद ﷺ ले उस्लाई साहै मन् परायो, उस्ले मोहम्मद ﷺ सँग विवाह गर्ने प्रयास गर्नु भइ र वहाँको बिचार बारे जानकारि प्राप्त गर्नका लागि आफनो एउटि नातेदारलाई पठाइन्, त्यति खेर नबी ﷺ को ऊमेर २५ बर्षको थियो, त्यो महिलाले आएर खदिजा तर्फबाट विवाहको प्रस्ताव राखने भइन् र नबी ﷺ ले त्यो प्रस्ताव स्विकार गर्नु भयो, विवाह सम्पन्न भयो, र दुवैलाई एक अर्काबाट खुशी प्राप्त भयो, नबी ﷺ ले खदिजाको धनलाई बढाउन थाल्यो र त्यस्मा आफनो सक्षम हुने प्रमाण पेश गर्नु भयो, धेरै बर्ष बितयो, र खदिजालाई एक पछि एक गर्भ भएर बच्चाहरुको जन्म भयो, खदिजा द्वारा छोरिहरु मध्ये जैनब, रोकैया, उम्मे कुलसुम, र फातिमा भयो, र छोराहरु मध्ये कासिम र अब्दुल्लाह भयो,तर यो दुवै छोराहरु सानै उमेरमा खसनु भयो।

## नोबुव्वत।

मोहम्मद ﷺ ले जब उमेरको चालिसौं बर्षमा प्रवेश गर्नु भयो त मक्काको पुर्बमा एउटा पहाडमा हेरा नामको गुफामा एकलो बसनथाल्यो, त्यहाँ गएर लगातार केहि दिन र केहि रात सम्म अल्लाहको एबादत (पुजा) गर्नथाल्यो, रमजान महिनाको २१ गते रातको समयमा जब वहाँ गुफामा हुनु हुन्थ्यो र वहाँको उमेर ४० बर्ष पुगिसकेको थियो त देवदुत हजरत जिब्रईल عليه السلام प्रकट हुनु भयो, र भन्नु भयो पढ, त वहाँले भन्नु भयो मलाई पढन

आउँदैन, जिब्रईल ﷺ ले दोश्रो र तेश्रो पटक त्यहि दोहरियाउनु भयो र तेश्रो पटक भन्नु भयो ﴿ اقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِي خَلَقَ (١) خَلَقَ الْإِنسَانَ مِنْ عَلَقٍ (٢) اقْرَأْ وَرَبُّكَ الْأَكْرَمُ (٣) الَّذِي عَلَّمَ بِالْقَلَمِ (٤) عَلَّمَ الْإِنسَانَ مَا لَمْ يَعْلَمْ ﴾ العلق: ١ – ٥

आफनो पालनकर्ताको नाम लिएर पढ, जस्ले सृष्टि गर्यो, जस्ले मानिसलाई रगतको थोपबाट बनायो, तिमी पढदै गर, तिम्रो पालनकर्ता धेरै दयावान छ, जस्ले कलमको माध्यमबाट शिक्षा प्रदान गर्यो, जस्ले मानिसलाई त्यो ज्ञान प्रदान गर्यो जुन् उस्ले जान्दैनथ्यो ।

फेरि जिब्रईल ﷺ त्यहाँबाट फर्किनु भयो, रसुल ﷺले हेरा गुफामा त्यस भन्दा अधिक बसने साहस महसुस गर्नु भएन, तसर्थ आफनो घर तिर फर्कि हाल्यो, र आफनो श्रीमति खदिजाको निकट यस्तो अवसथामा जानु भयो कि मुटुको धडकन साह्रै तेज भएको थियो, र श्रीमतिले भन्नु भयो «मलाई च्यादर उढाइ देउ, मलाई च्यादर उढाइ देउ» त वहाँको श्रीमति च्यादर उढाइ दिनु भइ, यस प्रकार भयबाट मुक्त भयो र त्यस पछि खदिजालाई घटनाको तपसिल बताउनु भयो र भन्नु भयो कि «मलाई आफनो ज्यानको डर लागिरहेको छ» त खदिजाले भन्नु भइ कि «कतापी यस्तो हुँदैन, अल्लाहको कसम, अल्लाहले कहिले पनि तपाईलाई नीच र अपमानित गर्दैन, तपाईले नातेदारहरुको ख्याल राखछौं, कमजोरको मद्दत गर्छौं, गरिबलाई

दान दिन्छौं, पाहुनालाई इज्जत र सम्मान प्रदान गर्छौं, र आपत्तिमा परेको व्यक्तिहरुलाई सहायता पुर्याने गर्छौं» ।

केहि समय पछि नबी ﷺ ले फेरि हेरा गुफामा गएर आफनो एबादत अर्थात पुजा जारि गर्नु भयो, र एबादत समाप्त गरेर मक्का वापस हुनको लागि गुफाबाट उतरिनु भयो, जब बीच खोलामा पुगयो त हजरत जिब्रईल عليه السلام प्रकट हुनु भयो, ऊ आकाश र धरति बीच कुर्सीमा बसेको थियो, हजरत जिब्रईल عليه السلام ले (वही) अर्थात पैगाम दिनु भयो ﴿ يَٰٓأَيُّهَا ٱلۡمُدَّثِّرُ ١ قُمۡ فَأَنذِرۡ ٢ وَرَبَّكَ فَكَبِّرۡ ٣ وَثِيَابَكَ فَطَهِّرۡ ٤ وَٱلرُّجۡزَ فَٱهۡجُرۡ ﴾ المدثر: ١ – ٥ हे मोहम्मद ! लुगा बेर्नेवाला, उठ र सावधान गर, आफनो पालनकर्ताको महानता बयान गर, र आफनो कपडालाई पवित्र राख, र फेहरीपनालाई छोड ।

फेरि त्यस पछि लगातार वही आउन थाल्यो ।

जब रसुल ﷺ ले इस्लामको प्रचार प्रसार शुरु गर्नु भयो त सबभन्दा पहिला वहाँको स्वासनी हजरत खदिजा رضي الله عنها नै मुस्लिम भइ, एउटै अल्लाहको गवाहि दिनु भइ र मोहम्मद ﷺ लाई अल्लाहको दुत र सन्देष्टा मान्नु भइ, त्यस पछि रसुल ﷺ ले आफनों प्रिय साथी अबुबकर رضي الله عنه लाई भन्नु भयो त वहाँले पनि कुनै शंका र संदेह बिना स्विकार गरेर ईमान ल्याउनु भयो, रसुल ﷺ को काका अबुतालिबले गरिएको पालन पोषनको कारण वहाँले आफनो काका सँग वफादारि कायम राखनु भयो र

वहाँको एउटा छोरा अलीलाई आफु सँग राखेर उस्को पालन पोषन गर्नु भयो र उस्को सबै खर्चा बेहुर्नु भयो, यस्तो वतावरणमा हजरत अलीﷺलाई पनि सत्यताको पहिचान भयो र वहाँले ईस्लाम स्विकारनु भयो, र त्यस पछि हजरत खदिजा رضي الله عنها को दास जैद बिन हारेसाले पनि ईस्लाम स्विकारनु भयो । गुप्त रुपले नबी ﷺ आफनो निमन्त्रण जारि राखनु भयो, मुस्लिमहरुले पनि आफनो ईस्लामको खबर गुप्त नै राखनु हुन्थ्यो, किन भने यदि कसैको बारेमा खबर भइहाल्थ्यो भने ईस्लामबाट रोकनको लागि कुरैशले अनेकौ प्रकारको सजाय र यातना त्यसलाई दिने गर्थ्यो ।

## खुल्लम खुल्ला प्रचार।

रसुल ﷺ ले तीन बर्ष सम्म बेगला बेगलै गुप्त रुपले प्रचार गर्नु भयो, त्यस पछि अल्लाह तआलाले यो आयत अवतरित गर्नु भयो ﴿ فَٱصۡدَعۡ بِمَا تُؤۡمَرُ وَأَعۡرِضۡ عَنِ ٱلۡمُشۡرِكِينَ ﴾ الحجر: ٩٤ जुन् आदेश तपाइलाई प्राप्त भएको छ त्यो स्पष्ट रुपमा सुनाइ दिनुस, र मुशरिकहरु सँग मुख फर्काइ लिनुस ।

त्यस पछि नबी ﷺले एक दिन सफा पहाडिमा उभिएर मक्कावासीहरुलाई संबोधित गर्न थाल्यो, धेरै मानिसहरु त्यहाँ उपस्थित हुनु भयो, तिनीहरु बीच मोहम्मद ﷺ को काका अबुलहब पनि हुनु हुन्थ्यो, र त्यो अल्लाह र रसुल ﷺ को ठुलो दुश्मन् अर्थात शत्रु थियो, तसर्थ जब मानिसहरु उपस्थित

भइसक्यो त रसुल ﷺ ले उनीहरुलाई संबोधन गर्दै यो भन्नु भयो कि «यदि म यो भनौं कि यस पहाडको पछाडि दुश्मन्को एउटा टोली तिमीहरु माथि आकमणको लागि लुकेर बसेको छ त के तिमीहरु मेरो कुरा माथि विश्वास गर्छौं?» सबैले एक साथ भन्नु भयो कि हो, हामीले संधै तपाइलाई सच्चा र निष्ठा पाएका छौं, त वहाँले भन्नु भयो कि «म तिमीहरुलाई सख्त सजाय र यातनाबाट सावधान गर्दछु» त्यस पछि सबैलाई अल्लाह तिर आउने र मुर्ती पुजा छोडने निमन्त्रण पेश गर्न थाल्यो, तर सबैको वीचबाट अबुलहबले उभिएर भन्नु भयो कि तिमी बर्बाद होस, के तिमीले यसै कारण हामी सबैलाई एकत्रित गरेको? त अल्लाहले कुरआनमा कयामत सम्म पढिने एउटा सुरः अवतरित गर्नु भयो ﴿تَبَّتْ يَدَآ أَبِي لَهَبٍ وَتَبَّ ﴿١﴾ مَآ أَغْنَىٰ عَنْهُ مَالُهُۥ وَمَا كَسَبَ ﴿٢﴾ سَيَصْلَىٰ نَارًا ذَاتَ لَهَبٍ ﴿٣﴾ وَٱمْرَأَتُهُۥ حَمَّالَةَ ٱلْحَطَبِ ﴿٤﴾ فِى جِيدِهَا حَبْلٌ مِّن مَّسَدٍۭ ﴾ المسد: ١-٥। अबुलहबको दुवै हात भाँचिए, र स्वयम त्यो पनि नष्ट भइहाल्यो, नत उस्को सम्पत्ति उस्को काम आयो, नत उस्को कमाइ, ऊ शिघ्र नै प्रज्वलित आगोमा पर्ने छ र उसकि स्त्री पनि पर्नेछे, जस्ले दाउरा बोकनेवाली छे, उस्को घाँटिमा खोजुरबाट बनाइएको डोरी हुनेछ।

नबी ﷺ आफनो प्रचार प्रसार जारी राखनु भयो, बरु मानिसहरुको बीचमा खुल्लम खुल्ला प्रचार गर्न थाल्यो, काबाको नजिक पुगेर नमाज पढनु हुन्थ्यो, मानिसहरुको भिडमा उपस्थित

हुन्थ्यो, बाजारमा आएर मुशरिकहरुलाई ईस्लामको निमन्त्रण पेश गर्नु हुन्थ्यो, जस कारण वहाँले धेरै दुखः पाउनु भयो, र साथमा मुस्लिम भएको व्यक्तिहरु माथि पनि नासतिकहरुको अत्याचार बढदै गयो, यासिर, सोमैया, र उनी दुवैको छोरा अम्मार माथि भएको अत्याचार त मात्र एउटा नमुना हो, जस्मा अम्मारको आमा बुवा दुवै सजायको पिडाले शहीद हुनु भयो, र सोमैया ईस्लाममा प्रथम शहीद घोषित भइ, त्यस्तै बेलाल बिन रेबाह अलहबशी ﷺ ले ओमैया बिन खलफ र अबुजहलको हातबाट धेरै सजाय काटनु भयो, बेलाल ﷺ चाहिं अबुबकर ﷺ को माध्यमबाट ईस्लाममा प्रवेश गरेको थियो, र जब वहाँको मालिक ओमैया बिन खलफलाई यस कुराको जानकारी भयो त उस्ले ईस्लामबाट हटाउनका लागि हरेक प्रकारको सजाय प्रयोग गर्नु भयो, तर वहाँले छोडेन बरु आफनो धर्मलाई समाति राखनु भयो, वहाँलाई हत्कडी लगाएर मक्काबाट बाहिर लैजान्थ्यो, र तातो बलवामा लेटाएर छातीमा ठुलो ढुंगा राखने गर्थ्यो, र त्यस पछि साथीहरु सँग मिलेर कोराले पिटन थाल्थ्यो, तर बेलाल ﷺ अहद, अहद, अर्थात अल्लाह एउटै हो भन्ने कुरा दोहरियाउने गर्नु हुन्थ्यो, यस्तै अवस्थामा अबुबकर ﷺ त्यहाँ आइ पुगनु भयो, र औमयाबाट खरिद गरेर अल्लाहको बाटोमा आजाद गरिदियो ।

अत्याचारको यस्तो समयमा रसुल ﷺ को लागि समझदारी यही थियो कि मुस्लिमहरुलाई आफनो ईस्लाम बारे कसैलाई नभन्ने आदेश दिनु हुन्थ्यो, साथीहरु सँग लुकाएर भेंटनु हुन्थ्यो, किन

भने यदि खुल्लम खुल्ला उनीहरु सँग भेँटनु भयो भने मुशरिकहरुले उनीहरुको बीच र उनीहरुले पाइरहेको शिक्षा र ज्ञानको बीच बाध्यता पुर्याउन सकनु हुन्थ्यो, र दुवै समुहमा टकाउको पनि समभावना थियो, र भिडन्तको अवस्थामा मुसलिमहरु बर्बाद र समाप्त हुन सकनु हुन्थ्यो, किन भने उनीहरुको संख्या र उनीहरु सँग भएको हातहथ्यार थोडै थियो, यस्तो अवस्थामा लुकाएर गुप्त रहनु नै समभ्रूदारी र बुद्धिको कुरा थियो, तर रसुल ﷺ ले आफै हरेक प्रकारको कष्ट र दुखःका बावजूद खुल्लम खुल्ला मुशरिकहरुमा ईस्लामको प्रचार गर्नु हुन्थ्यो, र अल्लाहको एबादत अर्थात उपासना गर्नु हुन्थ्यो ।

## हबशा तर्फ हिजरत (यात्रा) ।

यदि कसैले ईस्लाम स्विकार गरेको छ भने भेद खुलिहाल्थ्यो र खास गरि कमजोर अवस्थाको व्यक्तिहरु माथि नासतिकहरुको लगातार अत्याचारका कारण सहाबाले अर्थात नबी ﷺ को साथीहरुले आफनो धर्म लिएर नज्जाशीको देष हबशा तिर गइहाल्ने अनुमति चाहनु भयो, जहाँ उनीहरु सुरक्षित हुने छन्, खास गरि यस्तो अवस्थामा कि अधिक मुस्लिमहरुलाई आफनो र आफनो परिवारको ज्यान खतरामा लागिरहेको थियो, रसुल ﷺ ले पनि अनुमति प्रदान गर्नु भयो, यो घटना चाहिं नबी भएको पाँचौ बर्षमा भयो, र यस प्रकार सत्तरी ७० मुस्लिमहरु आफनो परिवार समेत हिजरत गर्नु भयो, तिनीहरु मध्ये उसमान बिन अफान र वहाँ कि स्वासनी रोकैया बिन्ते रसुल ﷺ पनि थिइ,

तर कुरैशको व्यक्तिहरुले मुस्लिमहरुलाई हबशाबाट पनि निकालने प्रयास गर्नु भयो, त्यहाँका राजाको निम्ति धेरै उपहार पठाइयो, र ती शर्नार्थीहरुलाई सोम्पिने प्रस्ताव राखनु भयो, र भन्नु भयो कि मुस्लिमहरु ईसा    (जेसस कराइस्ट) र वहाँकि आमालाई गाली दिने गर्छन् , तर जब नज्जाशीले उनीहरुसित यस बारे सोधनु भयो त उनीहरुले खुलासा गर्नु भयो कि ईसा عليه السلام को बारेमा कुरआन के भनिरहेको छ र सत्य कुरो चाहिं के छ , राजाले सुरः मरयम सुन्नु भयो, र त्यस पछि मुस्लिम भइहाल्यो, त्यति मात्र होइन बरु आफनो ईस्लामाको खुल्लम खुल्ला एलान गर्नु भयो, र कुरैशको प्रस्तावलाई ठोकियाउनु भयो, र मुस्लिमहरुलाई सुरक्षा प्रदान गर्नु भयो ।

त्यहि बर्ष रमजानको महिनामा नबी ﷺ ले हरममा मान्छेहरुको बीच पुगेर सुरः नजम पढन थाल्यो, त्यहाँ अधिक संख्यामा कुरैशको व्यक्तिहरु संघठित भएको थियो, नासतिकहरु संधै एक अर्कालाई रसुल ﷺ को कुनै पनि कुरा नसुन्ने सुभाउ दिने गर्नु हुन्थ्यो, त्यस कारण यस भन्दा पहिला उनीहरुले अल्लाहको भनाइ अर्थात कुरआन सुनेकै थिएन, तर जब उनीहरुले यो सुरः सुन्नु भयो त उनीहरुलाई अचम्म लागियो, उनीहरुको कानमा अल्लाहको यस्तो मिठो आवाज गुँज्यो कि सबै ध्यान पुर्वक तरिकाले कुरआन सुन्न थाल्यो, सबैले होश गुमाउनु भयो, कसैको मन्मा त्यस बाहेक अरु कुनै कुराका जग्गा नै थिएन, यहाँ सम्म कि नबी ﷺ ले जब यो पढनु भयो ﴿فَاسْجُدُوا لِلَّهِ وَاعْبُدُوا ۩﴾

النجم: ٦٢। अल्लाह कै लागि सजदा गर र उसैको पुजा उपासना गर । त वहाँले सजदा गर्नु भयो र वहाँ सँग सबैले सजदा गर्नु भयो, किन भने कोहि आफनो काबुमा नै थिएन ।

कुरैशले नबी ﷺ को बिरुध युद्ध जारी राखनु भयो, र यसका लागि अनेकौं प्रकारको हतकण्डा प्रयोग गर्नु भयो, सजाय दिनु भयो, अत्याचार गर्नु भयो, धमकी दिनु भयो, लालच दिनु भयो, तर त्यो सबै हतकण्डाका बावजूद ईस्लाम बल्यो हुँदै गयो, र मुस्लिमहरुको संख्या बढदै गयो, त्यस पछि उनीहरुले ईस्लामको बिरुध एउटा अर्को उपाय सोचनु भयो, उनीहरुले एउटा दसतावेज लेखनु भयो जस्मा सबैले आफनो हस्ताक्षर दिनु भयो, र त्यस्लाई काबाको भित्र टाँसनु भयो, जस्मा उनीहरुले मुस्लिम र बनू हाशीमको पुर्ण रुपले बाइकाट गर्ने प्रतिज्ञा लिनु भयो कि उनीहरु सँग खरिद बिकी नगर्ने, विवाह नगर्ने, कुनै प्रकारको सहायता प्रदान नगर्ने, र कुनै प्रकारको व्यवहार नराखने, मुस्लिमहरुले बाध्य भएर मक्काबाट निस्कनु भयो र शेअबे अबितालिब नामको एउटा खोलामा गएर बसनु भयो, र त्यहाँ मुस्लिमहरुले धेरै कष्ट उठाउनु भयो, भुक र अनेकौं प्रकारको दुखः भोगनु भयो, धनी व्यक्तिहरुले त आफनो अधिक धन सम्पत्ति त्यहिं लुटाइ दिनु भयो, हजरत खदिजा رضي الله عنها ले त आफनो पुरै धन लुटाइ सक्नु भइ, उनीहरुको बीच अनेकौं प्रकारको रोग सरन थाल्यो, धेरै व्यक्तिहरुको त मरने अवस्था भएको थियो, तर उनीहरुले हिम्मत र साहसले काम लिनु भयो,

एउटा व्यक्तिले पनि ईस्लाम छोडनु भएन, यो बाइकाट चाहिं तीन साल सम्म चलदै गयो, त्यस पछि कुरैशको कोही ठुलो व्यक्तिहरुले जस्को बनूहाशीम सँग नाता थियो उनीहरुले यस प्रतिज्ञा र वचनलाई तोडनु भयो र सम्पुर्ण सभामा यस्को एलान गर्नु भयो, तस्तावेजलाई जब निकालेर हेरनु भयो त के हेरनु हुन्छ कि किराहरुले त दस्तावेजलाई खाइसकेको छ , मात्र باسمك اللهم तिम्रै नामबाट शुरु गर्दछु हे अल्लाह । को शब्द बाँकि थियो, र यस प्रकार संकटको घडि समाप्त भयो, र मुस्लिम र बनू हाशीम फर्केर फेरि मक्का आउनु भयो, तर कुरैश अझै आफनो मुस्लिम बिरुध अत्याचारि बिचार माथि कायम नै रहनु भयो ।

## दुखद बर्ष।

नबी ﷺ को काका अबुतालिबको शरिरमा रोग सरन थाल्यो, ओछयानबाट उठिन शक्ति जवाफ दिनु भयो, र चांडै अन्तिम समय पनि आइ पुग्यो, मृत्यु भन्दा पहिला वहाँको सिर्हानामा रसुल ﷺले «लाइलाह इल्लल्लाह» भनिदिने गोहार लगाइ राखनु भयो , तर त्यहाँ उपस्थित अबुतालिबको पापी साथीहरुले जस्को प्रधान व्यक्ति अबुजहल थियो मनाहि गर्नु भयो , र भन्नु भयो , के तिमी आफनो पुर्खाको धर्म छोडने? के तिमी अब्दुल मुत्तलिबको धर्म छोडने? उनीहरुले लगातार यस्तो भन्दै गयो यहाँ सम्म कि अबुतालिबको मृत्यु शिर्क कै अवस्थामा भइहाल्यो, र यस कारण रसुल ﷺ लाई दोहरो दुख: भयो कि वहाँको

काकाको मृत्यु कुफरको अवस्थामा भयो, अबुतालिबको मृत्युको लगभग दुइ महिना पछि हजरत खदिजा رضي الله عنها को पनि देहान्त भइहाल्यो, रसुल ﷺ धेरै दुखी हुनु भयो, उनी दुवैको मृत्यु पछि त कुरैशको अत्याचार पनि रसुल ﷺ माथि साह्रै बढन थाल्यो।

**रसुल ﷺ ताएफमा।** मुस्लिमहरु माथि कुरैशको अत्याचार र अन्यनय दिन प्रति दिन बढदै गयो, त्यस कारण रसुल ﷺले ताएफ जाने बिचार गर्नु भयो, वहाँले सोचनु भयो कि शायद अल्लाह तआला उनीहरुलाई ईस्लामको बाटो देखाउँछ , ताएफ जानु कुनै आसान कार्य थिएन, ताएफको चारै तिर ठुल ठुला पहाडका कारण त्यहाँको बाटो धेरै कठिन् थियो, तर ताएफवासीहरुले नबी ﷺ लाई एकदमै नराम्रो तरिकाले सामुना गरि वहाँलाई ठोकियाउनु भयो, वहाँको कुरा पनि सुन्नु भएन, बरु वहाँलाई धुत्कारनु भयो, र केटाहरुलाई वहाँको पछाडि लगाइदिनु भयो, केटाहरुले वहाँ माथि ढुँगा हिडकाएर वहाँको खुट्टालाई घायते पार्नु भयो, रसुल ﷺ उदास र दुखद भएर मक्का तिर फर्किन लागनु भयो, त्यहि समय जिब्रईल عليه السلام र पहाडको फरिशता (देवदुत)ले प्रकट हुनु भयो, र जिब्रईल عليه السلامले भन्नु भयो कि «अल्लाह तआलाले तपाईको सेवामा पहाडको फरिशतालाई पठाउनु भएछ , तपाई जे चाहन्छौं आज्ञा दिनुस» त्यस पछि पहाडको फरिशताले भन्नु भयो «हे मोहम्मद ! यदि

तपाई चाहन्छौं भने म अखशबैन (मक्काको दुइटै पहाडको नाम) लाई एक अर्का सँग मिलाइ दिन्छु र बीचमा उनीहरुलाई पीस दिन्छु» त रसुल ﷺ ले भन्नु भयो «बरु म आशा गर्दछु कि अल्लाह उनीहरको कोखबाट यस्तो सन्तान जनम दिन्छन् जुन् मात्र एक अल्लाहको उपासना गरिन्छन् र वहाँको उपासनामा कुनै प्रकारको मिश्रण गरिदैनन्» । रसुल ﷺ को साहस र दयाको यो एउटा महान र ठुलो नमुना हो ।

## चंद्रमा च्यातिएको चमतकार ।

रसुल ﷺ र नासतिकहरु बीच झगडाको जुन् मुद्दाहरु थियो त्यस मध्ये एउटा यो पनि थियो कि उनीहरुले रसुल ﷺ सित आफनो दुतावासलाई प्रमाणित गर्नका लागि चमतकारको माँग गर्दै थियो, र धेरै पटक उनीहरुले आफनो यो माँग राखनु भयो, एक चोटि उनीहरुले चंद्रमालाई दुइ भागमा बिभाजित गरिदिने प्रस्ताव राखनु भयो, त रसुल ﷺ ले आफनो पालनकर्ता अल्लाह सित प्रार्थणा गर्नु भयो, र अल्लाहले उनीहरुलाई दुइ भागमा बिभाजित भएको चंदरुमा हेरायौ, कुरैशले यो प्रमाण लामो समय सम्म हेरनु भयो, तर पनि उनीहरुले ईस्लाम स्विकार गरेनन्, बरु भन्नु भयो कि मोहम्मदले हामीहरुलाई जादु गरिदिएको छ, तिनीहरु मध्ये एक व्यक्तिले भन्नु भयो कि यदि मोहम्मदले तिमीहरुलाई जादु गरिएको छ भने ससारको सबै व्यक्तिलाई जादु गर्नु सम्भव छैन, तसर्थ भर्मणमा गएको व्यक्तिहरुको प्रतिक्षा गर, जब भर्मणमा गएको व्यक्तिहरुले फर्केर वापिस

मक्का आउनु भयो, त उनीहरु सित सोध पुछ भयो, र उनीहरुले पनि भन्नु भयो कि हो हामीले पनि यस्तो हेरेका छौं, तर त्यस्का बावजूद पनि कुरैशले ईस्लाम स्विकार गरेनन् बरु आफनो कुफर माथि डटि रहनु भयो ।

## ईसरा र मेराज ।

रसुल ﷺ ताएफबाट फर्किनु भयो र त्यहाँ जस्तो व्यवहारको सामुन्ना गर्नु भयो, त्यस पछि अबुतालिबको देहान्त भयो, फेरि हजरत खदिजा رضي الله عنها को देहान्त, र साथमा मुस्लिमहरु माथि कुरैशको बढदो अत्याचारका कारण रसुल ﷺ धेरै चिन्तित हुनु भयो, र यस्तो अवस्थामा अल्लाह तआलाले वहाँलाई धैर्य दिनु भयो, तसर्थ एक चोटि रातको समयमा जब रसुल ﷺ सुतिरहनु भएको थियो, हजरत जिब्रईल عليه السلام बोराक लिएर प्रकट भयो, बोराक भनेको घोडा जस्तै एउटा जनावर हो जस्को दुइवटा पखेटा हुन्छ र बिजुली जस्तो तेज गतिमा हिंडने क्षमता हुन्छ, जिब्रईल عليه السلام ले रसुल ﷺ लाई त्यस माथि सवार गर्नु भयो, र फलसतीनमा बैतुल मक्दिस लग्नु भयो, फेरि त्यहाँबाट आकाशको यात्रा गर्नु भयो, यात्रामा रसुल ﷺ ले आफनो पालनकर्ताको धेरै चिन्हहरु हेरनु भयो, र त्यहिं आकाश मै पाँच चोटि नमाजको आदेश भयो, र सन्तुष्टि र विशवासका साथ त्यहि रात फर्केर मक्का पनि आउनु भयो, यस बारे अल्लाह तआलाले भन्नु भएछ ﴿ سُبۡحَٰنَ ٱلَّذِيٓ أَسۡرَىٰ بِعَبۡدِهِۦ لَيۡلٗا مِّنَ ٱلۡمَسۡجِدِ ٱلۡحَرَامِ

إِلَى ٱلْمَسْجِدِ ٱلْأَقْصَا ٱلَّذِى بَٰرَكْنَا حَوْلَهُۥ لِنُرِيَهُۥ مِنْ ءَايَٰتِنَآ إِنَّهُۥ هُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ ﴾ الإسراء:

١ त्यो अल्लाह अत्यन्त पवित्र छ , जस्ले एकै रातमा आफनो भक्तलाई मस्जिदुल हराम अर्थात काबाबाट मस्जिदुल अकसा अर्थात बैतुल मक्दिस सम्म लैजानु भयो, जस्को चारै तिर मैले बरकत अर्थात उन्नति दिइराखेको छु , ताकि हामी उस्लाई आफनो केहि निशानीहरु देखाऔं, निसन्देह अल्लाह नै धेरै सुन्नेवाला र देखनेवाला छ ।

त्यस्को बिहान रसुल ले काबा तिर जानु भयो, र रातिमा जे जे भएको थियो सबै मान्छेहरुलाई सुनाउन थाल्यो, नासतिकहरुले वहाँलाई अरु पनि झुटो भन्न थाल्यो, र वहाँको अपमान गर्न थाल्यो, केहि उपस्थित व्यक्तिंहरुले त वहाँलाई विवश र असफल गर्नका लागि बैतुल मक्दिसको एक एक तपसिल सोधन थाल्यो, र वहाँले हरेक प्रशणको ठिक उत्तर दिनु भयो, तर यी सबै सोध पुछको बावजूद पनि नासतिकहरुलाई सन्तुष्टि भएन त उनीहरुले भन्नु भयो कि हामीलाई कुनै अर्कै प्रमाण चाहियो, त रसुल ले भन्नु भयो कि बाटोमा म एक टोली सँग भेँटेको छु जुन् मक्का तिर आइ रहेको छ, र त्यस पछि वहाँले पुरा तपसिल भन्नु भयो कि उनीहर कस्तो छन्? टोलीमा ऊँटको संख्या कति छ? र उनीहरु कहिले आइपुगने छन्? रसुल ले भनेको सबै कुरा प्रमाणित भयो, त्यस्का बावजूद पनि नासतिकहरुले विशवास गरेनन् बरु आफनो कुफर र शत्रुता माथि कायम रहनु भयो, र त्यहि बिहान जिब्रईल

ले आएर रसुल ﷺ लाई पाँचौ नमाजको तरिका र समयको बारेमा जानकारि दिनु भयो, त्यस भन्दा अघि मात्र बिहान्न दुइ रकत र दिउँसो दुइ रकत नमाज पढने गर्नु हुन्थ्यो ।

जब सत्यको बिरुधमा कुरैश धेरै कठोर हुनु भयो त यस अवधिमा रसुल ﷺ ले बाहिरबाट

मक्कामा आएको व्यक्तिहरुलाई आफनो प्रचार प्रसारको निसाना बनाउनु भयो, उनीहरुको टेन्टमा र उनीहरुले संघठित भएको ठाउँहरुमा गएर उनीहरु सित भेँट घाँट गरि उनीहरुलाई ईस्लामको बारेमा बताउनु भयो, तर वहाँको काका अबुलहब वहाँको पछि पछि जानु हुन्थ्यो र मानिसहरुलाई वहाँबाट र वहाँको कुराबाट सचेत गर्नु हुन्थ्यो, एक चोटि रसुल ﷺ मदिनाको एउटा टोलीमा आउनु भयो, र उनीहरुलाई ईस्लामको निमन्त्रण पेश गर्नु भयो, उनीहरुले रसुल ﷺ को कुरा ध्यान पुर्वक तरिकाले सुन्नु भयो, र वहाँको अनुसरण गर्ने र वहाँ माथि ईमान ल्याउने कुरामा सहमत हुनु भयो, यहुदिहरु द्वारा मदिनावासीहरु यो कुरा सुन्दै आएको थियो कि एउटा नबी अझै आउने छ र त्यस्को समय पनि नजिक भइसकेको छ, त्यस कारण जब रसुल ﷺले उनीहरुलाई इस्लामको निमन्त्रण पेश गर्नु भयो त उनीहरुलाई विशवास भइसकयो कि यहुदिहरुले भनेको नबी यही हो, र यस प्रकार छिटै उनीहरु मुस्लिम हुनु भयो, र एक अर्कालाई सल्लाह दिनु भयो कि यस कार्यमा यहुदि तिमीहरु भन्दा अगाडि न भइहालोस, उनीहरु ६ जना हुनु हुन्थ्यो,

अर्को बर्ष मदिनाबाट १२ व्यक्ति आउनु भयो, र रसुल ﷺ सँग बसेर ईस्लामी शिक्षा प्राप्त गर्नु भयो, उनीहरु जब मदिना फर्किन थाल्यो त रसुल ﷺले कुरआन सिखाउनका लागि र धर्मको शिक्षा प्रदान गर्नका लागि साथमा मुसअब बिन ओमैरलाई पनि पठाउनु भयो, र अल्लाहको कपाले मदिनाको समाजमा परिवर्तन ल्याउने कर्ममा मुसअब बिन ओमैर रضي الله عنه चाहिं सक्षम हुनु भयो, तसर्थ अर्को बर्ष जब मक्का फर्केर आउनु भयो त साथमा मदिनावासीहरु मध्ये ७२ पुरुष र दुइ महिला हुनु हुन्थ्यो, नबी ﷺ ले उनीहरु सँग बसनु भयो र ईस्लामको मद्दत गर्ने र त्यस्को जिम्मेबारी उठाउने कुराको शपथ लिनु भयो, र त्यस पछि उनीहरु फेरि मदिना फर्केर जानु भयो ।

## प्रचार प्रसारको नयाँ स्थल ।

सत्य र सत्यवादिहरुको लागि मदिना एउटा सुरक्षित ठाउँको रुपमा प्रकट भयो, त्यस कारण सबै मुस्लिमहरु त्यहाँ हिजरत अर्थात यात्रा गर्न थाल्यो, तर कुरैशले मुस्लिमहरुलाई हिजरत गर्न नदिने ठान्नु भएका थिए, त्यस कारण हिजरत गर्ने व्यक्तिहरु मध्ये केहि व्यक्तिहरु धेरै प्रकारको दुखः र कष्ट उठाउनु भयो, कुरैशको डरले मुस्लिमहरु लुकाएर हिजरत गर्नु हुन्थे, अबुबकर सिद्दीक رضي الله عنه चाहिं जहिले पनि रसुल ﷺ सित हिजरतको अनुमति माँगनु हुन्थए त रसुल ﷺले भन्नु हुन्थे कि «हतार

नगर, शायद अल्लाह तिम्रो कुनै साथी बनाउने छ›› यहाँ सम्म कि अधिकतम् मुस्लिमहरु हिजरत गरि सकनु भयो ।

जब कुरैशले मुस्लिमहरुलाई हिजरत गरेर मदिनामा एकत्रित हुँदै हेरनु भयो त उनहिरु त पागलै हुनु भयो, मोहम्मदको मामला र वहाँको निमन्त्रणलाई सफल हुने खतरा महसुस गर्नु भयो, त्यस कारण उनहिरुले यस बिषयमा एकअर्का सँग सल्लाह बिचार लिनु भयो, र सबैको सहमतिले रसुल ﷺ को हत्या गरिने योजना बनाउनु भयो, अबुजहलले भन्नु भयो कि मेरो बिचारमा हेरक कुलको एक युवकलाई एउटा तरवार दिनु पर्छ र त्यो सबै युवकले मिलेर मोहम्मदको घेराउ गरि सबैले एक साथ मोहम्मदको हत्या गर्नु पर्छ, र यस प्रकार त्यस्को हत्याको जिम्मेबारि सबै कुल माथि हुन्छ र बनू हाशीम (रसुल ﷺ को कुल) एकलो सबै कुलहरु सँग शत्रुता मोल लिनमा सक्षम हुँदैन, तर अल्लाह तआलाले आफनो नबी मोहम्मद ﷺ लाई यस षडयनत्रको खबर दिइहाल्यो, र अल्लाह द्वारा हिजरतको अनुमति पाए पछि वहाँले अबुबकर सिद्दीक رضي الله عنه सँग हिजरतको योजना बनाउनु भयो, वहाँले रातको समयमा हजरत अलीलाई आफनो ओढ्यानमा सुतने आदेश दिनु भयो, ताकि सबैलाई यो महसुस होस कि मोहम्मद घरमै हुनु हुन्छ ।

षडयनत्रकारिहरुले आएर रसुल ﷺ को घरको घेराउ गर्नु भयो, र ओढ्यानमा हजरत अली رضي الله عنه लाई हेरेर वहाँलाई मोहम्मद ﷺ

नै बुझ्नु भयो, र निस्कने बित्तिकै सबै एक साथ आक्रमण गरि हत्या गर्नका लागि प्रतिक्षा गर्न थाल्यो, यता घेराउको समयमा रसुलﷺ उनीहरुको टाउकोमा माटो हालेर उनीहरुको बीचबाट निस्कनु भयो, अल्लाह तआलाले उनीहरुको देखने क्षमता छिनिसकेको थियो, र त्यस कारण उनीहरुलाई केहि महसुस भएन, रसुलﷺ अबुबकर رضي الله عنه को घर जानु भयो र त्यहाँबाट दुवैजना एक साथ मदिना तिर लागनु भयो, बाटोमा सौर नामको गुफामा लुकाउनु भयो, कुरैशको युवकहरु बिहान सम्म प्रतिक्षामा बसनु भयो, तर जब बिहान भयो त रसुलﷺ को ओछयानबाट अली رضي الله عنه उठिनु भयो, उनीहरुले अचम्म भएर रसुलﷺ को बारेमा सोध पुछ गर्नु भयो तर अली رضي الله عنه ले केहि भन्नु भएन, उनीहरुले हजरत अली رضي الله عنه लाई कुट पीट गर्नु भयो घिर्सियाउनु भयो तर केहि फायदा भएन, त्यस पछि कुरैशले हरेक दिशामा रसुलﷺ लाई खोजन थाल्यो, र जस्ले मोहम्मदलाई जिउँदो अथवा मुर्दो ल्याउँछ भने त्यस्ले १०० ऊँट पाउँछ भने घोषना पनि गर्नु भयो, रसुलﷺ र वहाँको साथीले लुकिएको गुफा सम्म खोजीहरु पुगनु भयो, यहाँ सम्म कि यदि कोहि आफनो पाइला तिर हेरेको हुन्थ्यो भने दुवैलाई देखि हाल्थ्यो, यस्तो अवस्थामा हजरत अबुबकर رضي الله عنه लाई रसुलﷺको लागि धेरै चिन्तित हुनु भयो, त नबीﷺ ले भन्नु भयो «तिमी उनी दुवै जनाको बारेमा

के सोचदछौं जस्को तेश्रो संवयम अल्लाह छ, चिन्ता नगर अल्लाह हाम्रो साथ छ›› कुरैशले उनीहरुलाई हेरनु भएन, उनीहरु तीन दिन् सम्म गुफामा बसनु भयो, त्यस पछि मदिना तिर हिंडनु भयो, यात्रा लामे थियो, कडा घामको समय थियो, अर्को दिन बाटोमा उम्मे माबद भनेकि एउटि महिलाको टेन्ट फेला पर्यो र ऊ सित खाने पीउने कुरा माँगनु भयो, तर त्यस्को घरमा एउटि पातलो भेडि बाहेक अरु केहि पनि थिएन, र त्यो भेडि कमजोरिका कारण चरन गएको थिएन, त्यस्को थन्मा दुधको एक बुँद पनि थिएन, रसुल ﷺ त्यहाँ गएर त्यस्को थन् माथि हात फेरनु भयो र दुध आउन थाल्यो, त्यस पछि दुध दुहेर एउटा ठुलो भाँडो भर्नु भयो, यस्तो चमतकार देखेर उम्मे माबद अचम्म भइ, सबैले पेट भरि दुध पिउनु भयो, फेरि अर्को चोटि दुध दुहेर भाँडो भरनु भयो र उम्मे माबदको लागि छाड दिनु भयो, र आफनो बाटो हिंडन थाल्यो ।

मदिना वासीहरु नबी ﷺ को आगमन्को प्रतिक्षा गरि रहनु भएको थियो, प्रत्यक दिन मदिनाबाट बाहिर गएर वहाँको प्रतिक्षामा बसनु हुन्थ्यो, तसर्थ जब वहाँको पुगने दिन भयो त धेरै खुशीका साथ स्वागत गर्दै आउनु भयो, नबी ﷺ मदिनाको नजिक कुबामा उतरिनु भयो, र चार ४ दिन् सम्म त्यहि बसनु भयो, त्यस बीच मस्जिदे कुबाको स्थापना पनि गर्नु भयो, र त्यहि इस्लाममा बनाइएको पहिलो मस्जिद भयो, पाँचौ दिन मदिना तिर लागनु भयो, अनसारको धेरै व्यक्तिहरुले रसुल ﷺ लाई आफनो पाहुना

बनाउने र यस्तो शुभ अवसर प्राप्त गर्ने मौका खोजदै थियो ऊँटनीको लगाम थामने गर्नु हुन्थ्यो तर रसुलﷺ सबैलाई धन्यवाद भनेर यो भनिन्थ्यो कि «त्यस्लाई छोडदेउ त्यस्ले आज्ञा पाइ सकेकि छ» तसर्थ जब ऊँटनी त्यो ठाउँमा पुगने भइ जहाँ अल्लाहको आज्ञा थियो त त्यहाँ बसने भइ, तर रसुलﷺ उतरिनु भएन, त्यस पछि ऊँटनी फेरि उभिएर अलिकति हिंडने भइ तर फर्केर फेरि वापस त्यहिं बसने भइ जहाँ प्रथम चोटि बसेकि थी, त्यस पछि रसुलﷺ उतरिनु भयो, र त्यहि मस्जिदे नबवीको ठाउँ भयो, र नबीﷺ अबु अैयुब अनसारि رضي الله عنه को घरमा ठहरिनु भयो।

यता हजरत अली बिन अबुतालिब رضي الله عنه नबीﷺ को पशचात तीन दिन सम्म मक्कामा बसनु भयो, र त्यस बीच नबीﷺ को सुरक्षामा राखिएको मान्छेहरुको सामान र समपत्ति उनीहरुलाई फिर्ता गर्नु भयो, र त्यस पछि मदिना हिंडनु भयो र कुबामा रसुल ﷺ लाई पाइ हाल्यो ।

## नबी ﷺ मदिनामा।

नबी ﷺ ले ऊँटनी बसिएको ठाउँ त्यस्को मालिकबाट किनेर त्यस्मा मस्जिद निर्मान गर्नु भयो, र मोहाजिर (मक्काबाट आइएको साथीहरु) र अनसार (मदिनाको मुस्लिमहरु) बीच भाइको नाता जोडनु भयो, हरेक अनसारिलाई एक मोहाजिरको भाइ बनाउनु भयो, जुन् उस्को धन र समपत्तिमा भागिदार

हुन्थ्यो, र यस प्रकार मोहाजिर र अनसार एक अर्का सँग मिलेर काम शुरु गर्नु भयो, र आपसमा भाइचारा बढदै गयो ।

मदिनामा यहुदिहरु सँग कुरैशको निकै सम्बन्ध थियो, उनीहरु द्वारा कुरैशले मुस्लिमहरुको बीचमा फुट डालने प्रयास गर्नु हुन्थ्यो, र यति मात्र होइन बरु कुरैशले त मुस्लिमहरुलाई समाप्त र नष्ट गर्नको पनि धम्कि दिने गर्नु हुन्थ्यो, तसर्थ मुलिमहरुलाई बाहिर र भित्र दुवै तर्फबाट खतरा थियो, मामला यति गमभिर भयो कि रसुल ﷺ को साथीहरु रातमा सुतने समय पनि साथमा हत्यार राखन थाल्यो, यस्तो कठिन प्रस्तिथीमा अल्लाह तआलाले युद्धको अनुमति प्रदान गर्नु भयो, त्यस पछि रसुल ﷺ ले दुशमनको कयाकलापको जानकारिको लागि सैनिक टोली पठाउन थाल्यो, र त्यस्तै उनीहरु माथि दबाउ डालनका लागि र आफनो क्षमता र शक्ति प्रमाणित गर्नका लागि व्यापारि टोलीहरुलाई पनि नशाना बनाउन थाल्यो, ताकि उनीहरु सँग समझौता होस र ईस्लाम माथि हिंडने र त्यस्को प्रचार प्रसार गर्ने कर्ममा सवतन्त्रता प्राप्त होस, जस्तो कि केहि कुलहरु सँग रसुल ﷺ ले संवयम बार्ता र समझौता गर्नु भयो।

## बद्रको ठुले युद्ध ।

एक समयमा रसुल ﷺ ले सिरयाबाट फर्कदै आएको कुरैशको एउटा व्यापारि टोलीको सामुन्ना गर्ने बिचार गर्नु भयो, र त्यस्का लागि ३१३ मानिसहरुको साथ निस्कनु भयो, साथमा दुइवटा घोडा र ७० ऊँट थियो, कुरैशको टोलीमा एक हजार ऊँट थियो,

र अबुसुफयान उनीहरुको नेता र अगुवा हुनु हुन्थ्यो, टोलीमा जम्मा ४० जना थियो, तर अबुसुफयानलाई मुस्लिमहरुको कारवाहि बारे थाहा भइसकयो, र प्रस्तिथीको खबर मक्कावासीहरुलाई छिटै पठाइ दियो, र मद्दतको गुहार लगाउनु भयो, र बाटो काटेर अर्कै बाटोमा लागनु भयो, र यस प्रकार मुस्लिमहरुको फेलामा पर्नु भएन, यहाँ कुरैशले एक हजार लडाकु सैनिक लिएर निस्कनु भयो, बाटोमा अबुसुफयानको सन्देष्टाले आएर टोलीको सुरक्षित हुने खबर दिनु भयो, र वापस मक्का फर्किने सल्लाह पनि दिनु भयो, तर अबुजहल यस कुराबाट सहमत भएन र अगाडि हिंडदै गयो।

यता रसुलﷺ लाई जब कुरैशको निस्कने बारे जानकारि भयो त साथीहरु सँग सल्लाह लिनु भयो, र नासतिकहरु सँग भिडन्त गर्ने कुरामा सबैले सहमति व्यक्त गर्नु भयो, हिजरतको दोश्रो बर्ष १७ रमजानको बिहान दुवै समुहमा भिडन्त भयो, र मुस्लिमहरुको विज्यताका साथ युद्ध समाप्त भयो, मुस्लिमहरु मध्ये १४ व्यक्ति शहीद हुनु भयो, र नासतिकहरु मध्ये ७० व्यक्तिको हत्या भयो, र त्यस्तै अर्को ७० व्यक्ति बन्दी भयो, युद्ध कै समयमा रसुल ﷺ को छोरि हजरत उसमान बिन अफान رضي الله عنه को स्वासनी रोकैया رضي الله عنها को देहान्त भयो, वहाँको श्रीमान हजरत उसमान رضي الله عنه युद्धमा भाग लिनु भएन बरु आफनो बेरामी श्रीमति सँग रसुलﷺ को आज्ञा अनुसार त्यहिं मदिनामा वसनु भयो, र युद्ध पछि रसुलﷺ ले हजरत

उसमान رضي الله عنه सँग आफनो अर्को छोरि उम्मे कुलसुम رضي الله عنها लाई विवाह गर्नु भयो, यस कारणले हजरत उसमान رضي الله عنه लाई जुन्नुरैन भनिन्छ, किन भने वहाँले रसुल ﷺ को दुइवटा छोरि सँग विवाह गर्नु भएछ ।

बद्रको युद्ध पछि अल्लाहको मद्दत प्रति खुशी व्यक्त गर्दै मुस्लिमहरु मदिना वापस फर्किनु भयो, साथमा बन्दी बनाइएको व्यक्तिहरु र दुशमनबाट प्राप्त भएको माल पनि थियो, बन्दीहरु मध्ये कसैले पैसा दिएर छुटनु भयो, कसैले बिना पैसाको सित्तैमा छुटनु भयो, र कसैले बदला मुस्लिमहरुको १० वटा बच्चाहरुलाई लेखन पढन सिखाउनु भयो।

## ओहदको युद्ध।

बद्रको युद्धको एक बर्ष पछि मुस्लिम र काफिरहरुको बीच ओहदको युद्ध भयो, बद्रको युद्धमा प्राजित भएको नासतिकहरुले मुस्लिमहरु सँग बदला लिन खोजनु भयो, र यस्का लागि तीन हजार लडाकु सैनिक लिएर आउनु भयो, र मुस्लिमहरुले सात सय सैनिकका साथ उनीहरुको माकाबला गर्नु भयो, शुरुको अवस्थामा मुस्लिमहरु विज्यी हुनु भयो, र नासतिकहरु प्राजित भएर मक्का तिर भागन थाल्यो, तर जब तिरकमानका साथ पहाडमा नियुक्त भएको व्यक्तिहरुले रसुल ﷺ को योजनालाई भँग गरि पहाडबाट उतरिएर दुशमनको माल जम्मा गर्नमा व्यसत हुनु भयो त नासतिकहरुले फेरि वापस भएर पहाडको

तर्फबाट मुस्लिमहरु माथि आक्रमण गर्नु भयो, र यस प्रकार नासतिकहरुको पलडा भारि भयो ।

## खन्दकको युद्ध ।

ओहदको युद्ध पछि यहुदको केहि व्यक्तिहरुले मक्का जानु भयो, र मदिना भित्र मुस्लिमहरु माथि आक्रमण गर्ने सल्लाह दिनु भयो, र मद्दतको आसुवासन पनि दिनु भयो, मक्कावासीहरुले उनीहरुको कुरा मानि सक्यो, त्यस पछि यहुदिहरुले अरु कुलहरुलाई पनि मुस्लिमहरु माथि आक्रमण गर्ने कर्ममा परेरित गर्नु भयो, र उनीहरुले पनि सहमति व्यक्त गर्नु भयो, र यस प्रकार हरेक ठाउँबाट नासतिकहरु मदिना आउन थाल्यो, यहाँ सम्म कि दस हजार लडाकु सैनिकहरु मदिनाको वरिपरि सँगठित भइहाल्यो ।
नबी ﷺ लाई दुशमन्को कृयाकलापको जानकारि भइसकेको थियो, तसर्थ वहाँले आफनो साथीहरु सँग सल्लाह लिनु भयो, हजरत सलमान अलफारसी رضي الله عنه ले मदिनाको वरिपरि जुन् दिशामा पहाड छैन त्यो दिशामा खन्दक (गहिरो खाडल) खन्ने सल्लाह दिनु भयो, र सबै मुस्लिमहरुले खन्दक खन्ने कर्ममा भाग लिनु भयो, र छिटै काम समाप्त भइहाल्यो, नासतिकहरु एक महिना सम्म मदिना बाहिर टेन्ट लगाएर बसनु भयो, तर खन्दक पार गर्ने योगय भएन, त्यस पछि अल्लाह तआलाले उनीहरु माथि यस्तो आँधि-बेहरी पठायो कि सबै टेन्टलाई उखेलिनु भयो, र यस प्रकार उनीहरुले भयभित भएर छिटै आफनो आफनो घर

तिर फर्किहाल्यो, र अल्लाहले एकलै सबै समुहलाई प्राजित गरि मुस्लिमहरुको मद्दत गर्नु भयो ।

## मक्का विज्यी।

हिजरतको आठौं सालमा रसुल ﷺ ले मक्का माथि आक्रमण गरि त्यस्लाई विज्य गर्ने कुरा ठान्नु भयो, र त्यस्का लागि दसौं रमजानको १0000 लडाकु सैनिकका साथ मदिनाबाट निस्कनु भयो, र बिना युद्ध कै मक्कामा प्रवेश गर्नु भयो, किन भने कुरैशले आफै आत्मसम्रपण गर्नु भयो, र यस प्रकार अल्लाहले मुस्लिमहरुको मद्दत गर्नु भयो, नबी ﷺ मस्जिदे हराममा गएर काबाको तवाफ गर्नु भयो, र भित्रमा दुइ रकत नमाज पढनु भयो, र त्यस पछि काबा भित्र र माथि स्थापित सबै मुर्तीहरुलाई ध्वसत पारेर काबाको ढोकामा उभिनु भयो, कुरैश ढोका भन्दा नजिकै तल वहाँले के गर्छ भने कुराको प्रतिक्षा गरिरहेको थियो, नबी ﷺ ले भन्नु भयो «हे कुरैशको समुह ! तिमीहरुको के बिचार छ? म तिमीहरु सँग के गर्छु?» सबैले भन्नु भयो तपाई राम्रै नै गर्ने छौं तपाई दयालु भाइ हौं र दयालु भाइको छोरा हौं, त वहाँले भन्नु भयो «जाउ, आज तिमी सबै आजाद छौं» र यस प्रकार रसुल ﷺ ले दुशमन्हरुलाई माफ गरेर ठुलो उदाहरण पेश गर्नु भयो, यस्ता दुशमन्हरुलाई जस्ले वहाँको साथीहरुलाई दुखः र सजाय दिएको थियो र संवयम वहाँलाई आफनो शहरबाट बाहिर निकालेको थियो ।

मक्का विज्य भए पछि मानिसहरु समुहका समुह अल्लाहको धर्ममा प्रवेश गर्न थाल्यो, हिजरतको दसौं सालमा रसुल ﷺ हज गर्नु भयो, वहाँले मात्र एउटा येही हज गर्नु भयो, र साथमा एक लाख भन्दा अधिक मानिसहरु हज गर्नु भयो, र हज पछि रसुल ﷺ फेरि मदिना वापस भइहाल्यो।

## प्रतिनिधी मणडल र राजाहरूलाई चिठ्ठी पठाउने कर्म।

नबी ﷺ को मामला प्रसिद्ध भयो, र हरेक ठाउँबाट प्रतिनिधिहरु मदिना आएर ईस्लाममा प्रवेश गरि त्यस्को एलान गर्न थाल्यो। त्यस्तै नबी ﷺ ले ईस्लामको निमन्त्रण दिंदै राजा र प्रमुखहरुलाई चिट्ठी लेखन थाल्यो, तिनीहरु मध्ये कसैले स्विकारनु भयो त कसैले स्विकारनु भएन तर सुन्दर तरिकाले उत्तर दिनु भयो, र साथमा उपहारहरु पनि पठायो, र कसैले करोधित भएर नबी ﷺ को चिट्ठीलाई च्यातनु भयो, जस्तोकि ईरानको राजा किसराले, त नबी ﷺ ले शराप दिनु भयो र भन्नु भयो «हे अल्लाह ! त्यस्को राज्यलाई टुका टुका गरि देउ» र त्यस्तै भयो, थोडै समय पछि त्यस्को छोरा त्यस्को बिरोधि भएर त्यस्को हत्या गरि आफै राज्य सत्ताको मालिक भयो।

एजिप्टको राजा मिकौकिस त मुस्लिम भएन, तर नबी ﷺ को सन्देष्टालाई स्वागत गर्नु भयो, र साथ उपहार पनि पठायो, रोमन्‌को राजा कैसरले पनि त्यस्तै गर्नु भयो, उस्ले पनि सुन्दर

जवाफ दिनु भयो, र नबी ﷺ को सन्देष्टालाई स्वागत गर्नु भयो, र उपहार प्रदान गर्नु भयो ।

बहरैनको हाकिम मुन्जिर बिन् सावीले जब नबी ﷺ को चिट्ठी पायो त समस्त बहरैनवासीहरु लाई चिट्ठी पढेर सुनायो, र केहि व्यक्तिहरुले ईस्लाम स्विकारनु भयो त केहि स्वीकारनु भएन ।

## नबी ﷺ को देहावसान।

हजबाट वापसीको लग भग ढाइ महिना पछि रसुल ﷺ बेरामी हुनु भयो, दिन प्रति दिन रोग बढदै गयो, तर जब वहाँले नमाज पढाउन सकिने शक्ति पाएन भने हजरत अबुबकर सिद्दिक ؓ लाई नमाज पढाउने आदेश दिनु भयो ।

साल ११ हि. स. १२ रबिउल अव्वल सोमवारको दिन् रसुल ﷺ को देहावसान भयो, र त्यो बेला वहाँको उमेर ६३ बर्षको थियो, सहाबाहरु अर्थात वहाँको साथीहरुलाई जब यस्को जानकारि भयो त उनीहरुले त आफनो हाशै गुमाउनु भयो, कसैले विशवास गर्नु भएन, यहाँ सम्म कि हजरत अबुबकर ؓ ले उभिएर सबैलाई शान्त गरि सम्बोधित गर्नु भयो र भन्नु भयो कि रसुल ﷺ एउटा मानव थियो, र समसत मानव जस्तै वहाँको पनि मृत्यु भएको छ, त्यस पछि मानिसहरु शान्त हुनु भयो, र रसुल ﷺ लाई नुहाउने, कफन् लगाउने, र दफन् गर्ने (गाडने) जस्तो सबै कार्यहरु वहाँकि पतनी हजरत आएशाको कोठामा सम्पन्न भयो ।

रसुलﷺ मक्कामा नबी हुने भन्दा पहिला ४० बर्ष जीवन बिताउनु भयो र नबी भए पछि १३ बर्ष, र मदिनामा १० बर्ष । रसुलﷺ को देहान्त पछि सबैको सहमतिले हजरत अबुबकर सिद्दिकؓ मुस्लिमहरुको खलिफा नियुक्त भयो, र यस प्रकार वहाँ प्रथम खलिफा हुनु भयो ।

## नबी ﷺ को हुल्या ।

रसुल ﷺ मध्ये कदको थिए, नत धेरै लामो थिए, न धेरै सानो, दुवै काँधा बीच निकै दुरी थियो, सबै अँगहरु सोहाँउदो र उपयुक्त थियो, चौलो छाति थियो, सबभन्दा अधिक सुन्दर अनुहार, रातो मिलाइएको सेतो रँग, गोल अनुहार, सुर्मा लगाइएका दुवै आँखा, पातलो नाक, सुन्दर मुख, र घना दाढि थियो, सुगन्धमा राम्रो र छुनमा मोलायम थियो, वहाँको बारेमा हजरत अनस बिन मालिकؓ ले भन्नु हुन्छ कि «रसुलﷺ को सुगन्ध भन्दा अधिक सुगन्धित अत्तर अथवा कसतुर मैले सुँघेको छैन, र रसुलﷺ को हात भन्दा अधिक मोलायम कुनै हात छुएको छैन» ।

हाँसमुख हुनु हुन्थ्ए, सँधै हाँसने गर्थे, र थोडै कुरा गर्थे, हजरत अनस बिन मालिकؓ ले भन्नु हुन्छ कि «रसुलﷺ सबभन्दा अधिक सुन्दर, सबभन्दा ठुलो दाता, र सबभन्दा अधिक बहादुर हुनु हुन्थ्ए»।

# रसुल ﷺ को चरित्र ।

रसुल ﷺ सबभन्दा धेरै बहादुर हुनुहुन्थे, हजरत अली बिन अबुतालिब رضي الله عنه ले भन्नु भएछ कि «यदि कुनै कठिन् प्रस्तिथी हुन्थ्यो, र भिडन्त भइहाल्थ्यो भने यस्तो अवस्थामा हामी रसुल ﷺ को सहारा लिन्थ्यौं» रसुल ﷺ सबभन्दा ठुलो दाता हुनु हुन्थे, वहाँ सित जस्ले पनि जे सुकै माँगनु भयो वहाँले «छैन» भन्नु भएन, र सबभन्दा अधिक बुद्धिमान हुनु हुन्थे, कहिले पनि आफनो लागि बदला लिनु भएन, नत कहिले आफनो लागि कोधित हुनु भयो, तर यदि कसैले अल्लाहको सिमा पार गर्थ्यो भने अल्लाहका लागि बदला लिनु हुन्थ्यो, साथै हकको मामलामा आफनो नातेदार र साधारण व्यक्ति, बल्यो र कमजोर सबै वहाँको दृष्टिमा एक सम्मान हुनु हुन्थ्यो, वहाँले यस कुरा माथि जोर दिनु भएकोछ कि अल्लाहको नजिक कसैलाई कसै माथि प्रधान्ता छैन तर मात्र तकवा अर्थात अल्लाहको डरका कारण, र मानिसहरु सबै बराबर हुनु हुन्छ, पछिलो समुदायहरु मात्र यस कारण बरबाद हुनु भयो कि उनीहरुमा यदि कुनै श्रेष्ठ वंशको व्यक्तिले चोरि गर्थ्यो भने त्यस्लाई छोडी दिन्थ्यो, र यदि कुनै कमजोर अवस्थाको व्यक्तिले चोरि गर्थ्यो भने त्यस्लाई सजाय दिन्थ्यो, वहाँले भन्नु भयो «अल्लाहको कसम, यदि मेरो छोरि फातिमाले पनि चोरि गर्छिन् भने म त्यस्को हात काट्ने छु» ।

वहाँले कहिले कुनै खानालाई खराब नभन्नु हुन्थ्यो, इच्छा हुन्थ्यो भने खान्थे नत छोडदिन्थे, कहिले एक महिना र कहिले दुइ महिना सम्म वहाँको चुल्होमा आगो बरदैन थियो, उनीहरुको खाना खजुर र पानी हुन्थ्यो, भुखका कारण वहाँले आफनो पेटमा एउटा अथवा दुइवटा ढुँगा बाँधने गर्दथे, आफनो जुतालाई आफै सिलाउनु हुन्थ्यो, लुगामा टालो लगाउँथे, र घरको कामकाजमा आफनो परिवारलाई सहायता पुर्याउँथे, रोगीलाई भैंटन जान्थे, धेरै दिनहीन र बिनीत हुनु हुन्थए, धनी अथवा गरिब, ठुलो अथवा सानो, जस्ले पनि वहाँलाई निमन्त्रण दिन्थ्यो भने त्यस्को निमन्त्ररण स्वीकार गर्नु हुन्थ्यो, गरिबहरु सँग माया गर्थे, उनीहरुको अन्तिम कृयाकर्ममा भाग लिन्थे, उनीहरुको रोगीलाई भैंटन जान्थे, गरिबीका कारण नत कुनै गरिब सित घृना गर्थे, नत राज्य सत्ताका कारण कुनै राजा सित डराउँथे, र सवारि मध्ये घोडा, ऊँट, गधा, र खच्चरको सवारि गर्थे ।

धेरै चिन्ता र समस्या भएको पनि वहाँ सबभन्दा अधिक मुस्कुराउँने गर्नु हुन्थ्यो, वहाँको रँग सबभन्दा सुन्दर थियो, वहाँलाई सुगन्ध मन् पर्दथ्यो, र गन्धलाई घृना गर्थे, अल्लाहले वहाँ भित्र सबै प्रकारको महान चरित्र र उच्च सोवभाव सँगठित गरेको थियो, अल्लाह तआलाले वहाँलाई यस्तो ज्ञान दिएको थियो जुन् अरु कसैलाई दिनु भएको थिएन नत अरु कसैलाई दिनेछ , यस्का बावजूद वहाँ अन्पढ् हुनु हुन्थ्यो, लेखन पढ्न आउँदै न थियो, र नत कोहि वहाँको शिक्षक थियो, वहाँले यो कुरआन अल्लाहको तर्फबाट पाउनु भयो, र यस बारे अल्लाह

﴿ قُل لَّئِنِ ٱجْتَمَعَتِ ٱلْإِنسُ وَٱلْجِنُّ عَلَىٰٓ أَن يَأْتُوا۟ بِمِثْلِ तआलाले भन्नु भएकोछ
هَـٰذَا ٱلْقُرْءَانِ لَا يَأْتُونَ بِمِثْلِهِۦ وَلَوْ كَانَ بَعْضُهُمْ لِبَعْضٍ ظَهِيرًا ﴾ الإسراء: ٨٨ भनि दिनुस ! यदि सबै मानिसहरु र सबै जिन्नहरु मिलेर यस कुरआन जस्तो ल्याउन चाहे पनि यस कुरआन जस्तो ल्याउन सम्भव छैन, तिनीहरु एक अर्काको मद्दतगार किन नबनोस।

जस्ले रसुल ﷺ लाई झुटो भन्दछ र यो भन्छ कि वहाँले कुरआन आफै लेखेको छ अथवा कसै सँग सिखेको छ अथवा पहिलाको किताबहरुमा पढेको छ भने यस्ता हरेक कुराको जवाफ यसमा छ कि वहाँ त अन्पढ् हुनु हुन्थ्यो ।

## रसुल ﷺ का चमत्कारहरू।

रसुल ﷺ को सबभन्दा ठुलो चमत्कार पवित्र कुरआन हो , कुरआन यस्तो चमत्कार हो जुन् क्यामत सम्म कायमं रहनेछ , जस्ले भाषाको सबै ज्ञानीहरुलाई हराएर भयभित गरिसकेको छ; अल्लाह तआलाले सबैलाई चुनौति दिनु भएकोछ कि कुरआन जस्तो दस सुरः अथवा मात्र एक सुरः अथवा मात्र एक आयत नै ल्याउनु , र त्यति मात्र होइन बरु नासतिकहरुले पनि कुरआनलाई चमत्कार मानेका छन् ।

वहाँको चमत्कारहरु मध्ये यो पनि छ कि जब नासतिकहरुले वहाँ सित निशानी पेश गर्ने माँग राखनु भयो त उनीहरुलाई च्यातिएको चन्द्रमा देखाउनु भयो, चन्द्रमा दुइभागमा बिभाजित भयो, त्यस्तै पटक पटक वहाँको औंलाहरुबाट पानी निसकेको छ,

त्यस्तै सानो ढुँगाले वहाँको हत्केलीमा अल्लाहको पवित्रता बयान गरेको छ , फेरि वहाँले त्यो ढुँगालाई अबुबकर رضي الله عنه को हत्केलीमा राखनु भयो, फेरि ऊमर رضي الله عنه को हत्केलीमा, फेरि उसमान رضي الله عنه को हत्केलीमा राखनु भयो र ढुँगाले अल्लाहको पवित्रता बयान गर्नु भयो । रसुल ﷺ का साथीहरु यो पनि सुन्नु हुन्थे कि वहाँको नजिक खाना पनि अल्लाहको पवित्रता बयान गर्नु हुन्छ , त्यस्तै यो पनि सुनिन्थे कि ढुंगा र रुखहरु रसुल ﷺ लाई सलाम अर्थात प्रनाम गर्नु हुन्छ , त्यस्तै बिष दिएको बाखाको पाखुराको पनि भनाइ सुन्नु भयो, जुन् एउटि यहुदि महिलाले वहाँको हत्याको उदेश्यले दिएकि थी, गाउँको एउटा व्यक्तिले वहाँ सित निशानी माँगनु भयो त वहाँले एउटा रुखलाई आदेश दिनु भयो र त्यो रुख आयो र फेरि त्यस्लाई आदेश दिनु भयो त फर्केर गइहाल्यो, एउटा दुध नभएको बाखाको थनमा हात दिनु भयो त दुध आउन थाल्यो, र त्यस्लाई दुहेर आफु पनि पिउनु भयो र अबुबकरलाई पनि दिनु भयो, हजरत अली رضي الله عنه को आँखा दुखिरहेको थियो त रसुल ﷺ ले त्यस्मा फुँकनु भयो र तुरुन्त आँखा ठिक भयो, एउटा साथीको खुट्टा घायते भएको थियो त वहाँले त्यस माथि हात फेरनु भयो र तुरुन्तै ठिक भयो, हजरत अनस बिन मालिक رضي الله عنه को लागि लामो उमेर, अधिक धन् सम्पत्ति र सन्तानका साथ ती सबैमा बरकत अर्थात उन्नतीको प्रार्थणा गर्नु भयो, त वहाँले १२० छोरा पायो र वहाँको खजुरको बागैंचा बर्षमा दुइ पटक फल दिने गर्थ्यो, जब कि यो कुरा

प्रसिद्ध छ, खजुर चाहिं बर्षमा मात्र एक पटंक फल दिन्छ, त्यस्तै हजरत अनस १२० बर्षको उमेर पनि पाउनु भयो, एउटा साथीले अनिकालको शिकायत र उजुरि गर्नु भयो जुन् समय रसुल मञ्चमा हुनु हुन्थ्यो, त वहाँले आफनो दुवै हात उठाएर अल्लाह सित प्रार्थणा गर्न लाग्नु भयो, र त्यो समय आकाशमा अलिकति पनि बादल थिएन तर छिटै पहाड जस्तो बादल जम्मा भइहाल्यो र अर्को शुकवार सम्म अन्धाधुन्ध बर्खा भयो, त्यस पछि धेरै बर्खाको शिकायत भयो त वहाँले अल्लाह सित फेरि प्रार्थणा गर्नु भयो र बर्खा थमि सकयो र मानिसहरु घाममा निसकनु भयो ।

एक साअ अर्थात २ किलो ५०० ग्राम जौ र एउटा बाखामा सबै खन्दक खनिने व्यक्तिहरुलाई खाना खुवाउनु भयो, सबै पेट भरि खाएर फर्किनु भयो तर खाना जस्ताको त्यस्तै बाँचयो अलिकति पनि घटि भएन, र त्यस्तै सबै खन्दक खन्ने व्यर्क्तिहरुलाई अलिकति खजुर खुवाउनु भयो जो कि बशीर बिन साअदकि छोरिले आफनो बुवा र सानो बुवाको लागि ल्याएकि थी, र समसत सैनिकलाई अबुहोरैरह को बटुवाबाट पेट भरि खुवाउनु भयो, वहाँको हत्याका लागि कुरैशको सय युवक आउनु भयो तर वहाँले सबैको मुखमा माटो हालेर जानु भयो र कसैले वहाँलाई देख्न पनि सकेन, सोराका बिन मालिकले वहाँको पिछा गर्नु भयो तर जब ऊ नजिक भयो त वहाँले शराप दिनु भयो र उस्को घोडाको खुट्टा धर्तिमा मासियो।

# مواقف وعبر من سيرته ﷺ
# रसुल ﷺ को जीवनमा केहि खास पाठ

## रसुल ﷺ को दिल्लगी।

रसुल ﷺ आफनो साथीहरु सँग ठट्टा र दिल्लगी पनि गर्नु हुन्थ्यो तर सत्य बाहेक अरु केहि भन्दैनथे, आफनो परिवार सँग खेलथे , र सानो सानो बच्चाहरुको देखरेख गर्थे, उनीहरुको लागि समय निकालथे, र उनीहरुको क्षमता र बुद्धि अनुसार उनीहरु सँग कुरा गर्थे, आफनो सेवक हजरत अनस बिन मालिक رضي الله عنه सँग दिल्लगी गर्थे, र कहिले वहाँलाई «हे दुइ कानवाला» भन्नेर पुकारथे । एउटा व्यक्तिले आएर भन्नु भयो, हे अल्लाहको रसुल ! मलाई सवारि प्रदान गर त नबीﷺ ले ठट्टा गर्दै भन्नु भयो, «तिम्रो सवारिका लागि हामीले ऊँटनीको बच्चा प्रदान गर्ने छौं» त त्यो व्यक्तिले भन्नु भयो, म ऊँटनीको बच्चा लिएर के गरौं? त नबीﷺ ले भन्नु भयो कि «जन्मको समय ऊँट पनि बच्चा नै हुन्छ» । नबीﷺ सँधै आफनो साथीहरु बीच हाँसने र मुस्कुराउने गर्थे, राम्रो कुरा बाहेक आफनो मुखले अरु केहि भन्दैनथे, हजरत जरिर رضي الله عنه ले भन्नु हुन्छ कि «मुस्लिम भए देखि आज सम्म कहिले पनि रसुलﷺ ले मलाई भेँटघाँटको लागि रोकनु भएन, र जहिले पनि मलाई देख्दा खेरी मुस्कुराउनु हुन्थ्यो,

एक चोटि मैले शिकायत गरे कि म घोडा माथि स्थिर भएर बस्न सक्नु हुँदैन, त रसुल ﷺ ले मेरो छातिमा हात राखेर प्रार्थणा गर्नु भयो कि «हे अल्लाह ! यस्लाई स्थिरता प्रदान गर, र सही मार्गमा हिंडने मार्गदर्शक बनाउ» र त्यस पछि कहिले म घोडाबाट खसेन ।

त्यस्तै नबी ﷺ आफनो नातेदारहरु सँग पनि दिल्लगी गर्थे, एक दिन आफनो छोरि हजरत फातिमा رضي الله عنها को घरमा आउनु भयो, र त्यहाँ आफनो ज्वाँइ हजरत अली رضي الله عنه लाई देख्नु भएन, त त्यस्को बारेमा सोधनु भयो कि «त्यो कहाँ छ?» त जवाफमा हजरत फातिमा رضي الله عنها ले भनिन् कि हामी दुवैको बीच झगडा भएकोछ र त्यो रिसाएर बाहिर गएको छ, त रसुल ﷺ ले आएर हेरनु भयो कि त्यो मस्जिदमा सुतिरहेको छ, च्यादर झरेको छ र शरिरमा माटो लागेको छ, त रसुल ﷺ ले शरिरबाट माटो सफा गर्न थाल्यो र भन्नु भयो कि «हे अबु तोराब ! उठ हे अबु तोराब ! उठ » अबुतोराबको अर्थ हो माटोको पिता ।

## बच्चाहरु सँग रसुल ﷺ को व्यवहार ।

बच्चाहरु सँग रसुल ﷺ को व्यवहार साह्रै राम्रो थियो, आफनो पतनी हजरत आएशा رضي الله عنها सँग दौडको होडबाजीमा भाग लिन्थ्यो, र हजरत आएशा رضي الله عنها लाई आफनो

साथीहरु सँग खेलने आज्ञा प्रदान गर्थ्यो, हजरत आएशा رضي الله عنها ले आफै भने कि छिन् «म नबीﷺ को उपस्थितिमा केटिहरु सँग खेलने गर्थी, मेरो केहि साथीहरु थिइन् जुन् म सँग खेलने गर्थी, र जब नबी ﷺ आउँ थियो भने सबै केटिहरु लुकाइ हाल्थी, तर रसुलﷺ सबैलाई मेरो नजिक पठाउँनु हुन्थे, र त्यस पछि हामी सबै एक साथ खेलने गर्थ्यौं» ।

त्यस्तै रसुल ﷺ बच्चाहरुको रेखदेख गर्थे, उनीहरु सँग दिल्लगी गर्थे, र उनीहरुलाई माया गर्थे, अब्दुल्लाह बिन शद्दाद رضي الله عنه ले भन्नु हुन्छ कि «एक दिन एशाको नमाजमा रसुल ﷺले हजरत हसन अथवा हजरत हुसैनलाई बोकेर आउनु भयो, र बच्चालाई तल राखेर अगाडि बढनु भयो, फेरि अल्लाहु अकबर भनेर नमाज पढन थाल्यो, र धेरै लामो समय सम्म सजदामा बसनु भयो, हजरत अब्दुल्लाहले भन्नु हुन्छ कि पिताजीले भन्नु भयो कि मैले टाउको उठाए, त के हेरछु कि रसुलﷺ सजदामा हुनु हुन्छ र बच्चा वहाँको पिठमा बसिएको छ, त्यस पछि म फेरि सजदामा गइहालें, र नमाज समाप्त भए पछि सबैले सोधनु भयो कि हे अल्लाहको रसुल ! तपाइले यति लामो सजदा गरेको कि हामीले यो सोचन थाल्यो कि कुनै घटना अवश्य भएकोछ अथवा वही ( अल्लाहको पैगाम) अवतरित भइरहेकोछ, त वहाँले भन्नु भयो, यस्तो केहि पनि भएन, बरु मेरो छोरा मेरो सवारि गरिरहेको थियो, र मन् भर बसन नपाइने भन्दा पहिला छिटै उतारनु

मलाई राम्रो लागेन» र त्यस्तै हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «नबी ﷺ को चरित्र सबभन्दा राम्रो थियो, नबी ﷺ मेरो एउटा सानो भाइ सँग यस प्रकार दिल्लगी गर्थे (हे अबु ओमैर ! के भयो नोगैर?)» र नोगैर एउटा सानो पन्क्षिको नाम थियो जुन् सँग त्यो बच्चाले खेलने गर्थ्यो, र यस प्रकार नबी ﷺ ले बच्चालाई धैर्य पनि दिँदै थियो ।

## परिवार सँग रसुल ﷺ को व्यवहार।

परिवार सँग रसुल ﷺ को यस्तो व्यवहार थियो कि जस्तो सबै प्रकारको महान चरित्र र गुणको सँगम भइसकेको होस, नबी ﷺ एकदमै साधारण व्यक्ति हुनु हुन्थ्ए, सँधै आफनो परिवारको अवश्यक्तालाई ध्यानमा राखथे, महिलाहरुको कदर गर्थे, उनीहरुलाई मानव, आमा, श्रीमति, र छोरि जस्तो सम्मान प्रदान गर्थे, कसैले वहाँ सित सोधनु भयो कि मेरो सुन्दर व्यवहारको सबभन्दा ठुलो हकदार को हो? त वहाँले भन्नु भयो «तिम्रो आमा, फेरि तिम्रो आमा, फेरि तिम्रो आमा, त्यस पछि तिम्रो बुवा» त्यस्तै एउटा हदिसमा रसुल ﷺ ले भन्नु भयो «जस्ले आफनो आमा बुवालाई पाउनु भयो अथवा कुनै एकलाई पाउनु भयो, तर उनीहरको सेवा गर्नु भएन, र यस्तो अवस्थामा त्यस्को मृत्यु भयो भने त्यस माथि अल्लाहको धुतकार हुन्छ र त्यो नर्कमा जान्छ» । र त्यस्तै वहाँकि श्रीमति थालीमा जुन् ठाउँबाट

पिउँने गर्थी भने रसल ﷺ पनि त्यहि ठाउँबाट पिउने गर्थे, र भन्नु हुन्थे कि «राम्रो व्यक्ति त्यो हो जुन् आफनो परिवारको लागि राम्रो हो र म आफनो परिवारको लागि राम्रो छु » ।

## रसुल ﷺ को दया।

दयाको गुण बारे रसुल ﷺ ले आफै भन्नु भएकोछ कि «दयावानहरु माथि अल्लाह दया गर्छ , तसर्थ धर्तिवासीहरु माथि दया गर अल्लाह तिमी माथि दया गर्नेछ» हाम्रो नबी मोहम्मद ﷺ धेरै दयावान हुनु हुन्थ्यो जस्तो कि सानो र ठुलो, नातेदार र साधारण व्यक्तिहरु सँग वहाँको व्यवहारले स्पष्ट हुन्छ । वहाँको दया र कृपाको नमुनाहरु मध्ये एउटा यो पनि छ कि यदि वहाँले नमाजमा कुनै बच्चा रोएको आवाज सुन्थे भने छिटै नमाज समाप्त गरिहाल्थे, हजरत अबुकतादा رضي الله عنه को हदिसमा छ कि नबी ﷺ ले भन्नु भयो «म नमाजका लागि उभिन्छु र मेरो चाहना हुन्छ कि लामो नमाज पढौं, तर यदि कुनै बच्चाको रोएको आवाज सुन्छु भने छिटो नमाज समाप्त गरि हाल्छु, ताकि उस्को आमालाई कुनै प्रकारको कष्ट न होस»

आफनो समाज प्रति दया र उनीहरुलाई अल्लाहको धर्ममा ल्याउने प्रयासको वहाँको अवस्था यस्तो थियो कि एउटा यहुदि बच्चा जुन् नबी ﷺ को सेवा गर्नु हुन्थ्यो जब त्यो बेरामी हुनु भयो त नबी ﷺ त्यो सँग भेंटन आयो, र त्यस्को सिरानीमा

बसेर भन्नु भयो «मुस्लिम भइहाल» बच्चा आफनो पितालाई हेर्न थाल्यो जुन् उस्को नजिकै उभिएको थियो, त उस्को बुवाले भन्नु भयो, अबुल कासिम अर्था नबी ﷺ को कुरा मान, र बच्चा मुस्लिम भइहाल्यो, फेरि थोडै समय पछि उस्को मृत्यु भइहाल्यो, त नबी ﷺले त्यहाँबाट निस्कनु भयो र भन्नु भयो«सबै प्रकारको प्रशंसा अल्लाहको लागि छ जस्ले बच्चालाई नर्कबाट बचाइ दिनु भयो» ।

## रसुल ﷺ को साहस।

रसुल ﷺ को साहस बारे कुरा गरौं त वहाँको सम्पुर्ण जीवन सहन गर्नमा र सहनको सुझाउ दिनमा, र संघर्ष गर्नमा र संघर्षको सुझाउ दिनमा बितेको छ, प्रथम आयत अवतारित हुने समय देखि जीवनको अन्तिम समय सम्म आफु पनि सहन गर्नु भयो र अरुलाई पनि सहन गर्ने सल्लाह दिनु भयो, र लगातार संघर्ष गर्नु भयो, नबुव्वत प्राप्त भएको समय देखि नै रसुल ﷺ लाई थाहा भइसकेको थियो कि यसबाटोमा कस्तो कस्तो कठिनाइको सामुना हुन्छ। देवदुत हजरत जिब्रईल عليه السلام सँग पहिलो पटकको भेँट पछि नै हजरत खदिजा رضي الله عنها ले वहाँलाई वरका बिन नौफलको घर लगेकि थीईन्, र वरकाले भनेको थियो कि काश म त्यो समय सम्म जीवित भइदिए जुन् समय तिम्रो समाज तिमीलाई आफनो शहरबाट निकाली बाहर गर्ने छ ! त रसुल ﷺ ले सोधनु भयो कि «के उनीहरुले मलाई

निकाली बाहर गर्ने छ›› त वरकाले भन्नु भयो कि हो, जुन् सुकै व्यक्तिले जहिले पनि यस्तो पैगाम लिएर आयो समाज सँग अवश्य दुशमनी भयो, र त्यस कारण शुरु देखि नै रसुल ﷺ आफुलाई हरेक प्रकारको दुखः र कष्ट, हरेक प्रकारको दुशमन्नी र श्रडयन्त्रलाई झेलनको लागि सक्षम बनाउनु भएको थियो । जुन् परिस्थितीमा वहाँले आफनो सहन शक्तिलाई प्रयोग गर्नु भएकोछ त्यस मध्ये यो पनि छ कि वहाँले मक्कामा ईस्लामको प्रचार प्रसार गर्ने कर्ममा आफनो समाज र कुल खान्दान तर्फबाट जुन् प्रकारको शारिरिक अत्याचारको सामुना गर्नु भयो, यस बिषयमा बोखारीको हदिस छ कि हजरत उरवा बिन जोबैरले हजरत अब्दुल्लाह बिन अमर बिन अल आस सित नासतिकहरुले रसुल ﷺ सँग गरेको कठिन र नराम्रो व्यवहार बारे सोधनु भयो त वहाँले भन्नु भयो कि एक दिन नबी ﷺ काबा भित्र नमाज पढिरहेको थिए कि त्यहि समयमा उकबा बिन अबी मोइत आयो र वहाँको घाँटिमा च्यादर हालेर साँस थुन्नु भयो, त्यस पछि अबुबकर आएर त्यस्को काँधामा धक्का दिएर त्यस्लाई हटाउनु भयो र भन्नु भयो, के तिमीहरु कुनै यस्तो व्यक्तिलाई हत्या गर्न चाहन्छौं जुन् यो भन्दछन् कि अल्लाह मेरो पालन्कर्ता हो ।

त्यस्तै एक दिन रसुल ﷺ काबाको नजिक नमाज पढिरहेको थिए, र अबुजहल आफनो साथीहरु सँग त्यहिं बसेको थियो, उनीहरुले एक अर्कालाई सोधनु भयो कि कोले फलानो खान्दानमा जिबह भएको उँटको भुडी ल्याएर सजदामा भएको समय

मोहअहम्मदको पिठमा राखन सकनु हुन्छ? त समाजको सबभन्दा दुष्ट व्यक्तिले गएर ल्यायो र नबी ﷺ जब सजदामा जानु भयो त वहाँको दुवै काँधको बीच राखेर सबैले हाँसन थाल्यो, र हाँसदा हाँसदै एक अर्का माथि लढन थाल्यो, रसुल ﷺ अझै सजदामा हुनु हुन्थ्यो माथा उठाउने शक्ति थिएन, यहाँ सम्म कि वहाँकि छोरि हजरत फातिमा رضي الله عنها ले आएर वहाँको पिठबाट फोहर हटाउनु भइन् ।

तर मानसिक दु:ख र दबाव यस भन्दा पनि अधिक गाह्रो थियो, जुन् वहाँको निमन्त्रणलाई ठोकाएर वहाँलाई झुठो, परोहित, कवी, पागल, जादुगर भन्नु भयो र वहाँले पेश गरेको चिन्हहरुलाई पुरानो कथा भन्नु भयो, त्यस्तै अबुजहलले रसुल ﷺ को ठट्टा उडाउँदै भन्न थाल्यो कि «हे अल्लाह! यदि तिम्रो लागि सत्य कुरा यही छ भने हामीहरु माथि आकाशबाट ढुँगाको बर्षा गरिदेऊ अथवा कुनै ठुलो सजाय अवतरित गरि देउ» ।

रसुल ﷺ जब मानिसहरुको सभामा र बाजारमा ईस्लामको प्रचार गर्न जानु हुन्थ्यो भने वहाँको काका अबुलहब पनि पछि पछि जाँदै गर्थ्यो, र वहाँलाई झुठो भन्थ्यो, मानिसहरुलाई मनाहि गर्थ्यो र यो भन्दिन्थ्यो कि मोहम्मदको कुरामा विशवास नगर, त्यस्तै अबुलहब कि पतनी उम्मे जमील दाउरा र काँडा जम्मा गरि रसुल ﷺ को बाटोमा हाल्ने गर्थी ।

अत्याचारको त अन्तै भयो जब शेअबे अबीतालिब नामको घाटीमा तीन बर्ष सम्म रसुल ﷺ र वहाँको साथीहरुको

नाकाबन्दि भयो, भोकका कारण उनीहरुले रुखको पात पनि खाउनु भयो, त्यस पछि वहाँको काका अबुतालिबको देहान्त भयो जस्ले संधै वहाँलाई सुरक्षा प्रदान गरि रहनु भएको थियो , रसुलﷺ लाई धेरै दुखः लाग्यो, खास गरि यस कारण कि वहाँको देहान्त कुफरको अवस्थामा भयो, फेरि यकायक रसुलﷺ कि पतनी हजरत खदिजा رضي الله عنها, को पनि देहान्त भइहाल्यो, जुन् संधै वहाँलाई धैर्य व्यक्त गरि सहयोग पुर्याउने गर्थी, फेरि पटक पटक वहाँ माथि हत्याको प्रयास भए पछि रसुलﷺ ले आफनो शहर छोडेर हिजरत गर्नु भयो, मदिनामा पनि साहस र संघर्षको एउटा नयाँ अवधि शुरु भयो, कष्ट र कठिनाइको जीवन, लाचार भएर भोकको कारण पेटमा ढुंगा बाँधेर बसनु भयो, रसुल ﷺ ले आफै भन्नु भएकोछ कि «अल्लाहको बाटोमा जति खतरा मैले उठाएको छु त्यति खतरा अरु कसैले उठाएको छैन, मेरो माथि जति अत्याचार भएको छ त्यति अरु कसै माथि भएको छैन, ३० दिन र ३० रात यस्तो बितेको छ कि मेरो लागि र बेलालको लागि यस्तो केहि पनि थिएन जस्लाई एउटा जीव वसतु खान पाइन्छ , मात्र यति नै हुन्थ्यो जुन् बेलालको काखमा आइहाल्थियो ।

रसुलﷺको इज्जत प्रति दोष लगाइयो, गाउँतिरको अन्पढ् व्यक्तिहरु र मोनाफिकहरुले वहाँलाइ दुःख दिए, बोखारिको हदिसमा हजरत अब्दुल्लाह बिन मसऊद رضي الله عنه ले भन्नु हुन्छ कि रसुलﷺ ले एक समय केहि बाँटनु भयो त अनसार समुहको

कुनै व्यक्तिले भन्नु भयो, अल्लाहको कसम, मोहम्मद यसमा अल्लाहको प्रसन्नता चाहेको छैन, इब्ने मसऊद رضي الله عنه ले भन्नु हुन्छ कि म आएर रसुल ﷺ लाई यस्तो समाचार दिए त वहाँको अनुहार रातो भइहाल्यो र वहाँले भन्नु भयो «मुसा عليه السلام माथि अल्लाहको कृपा होस, वहाँले यस भन्दा पनि अधिक दुखः पाउनु भयो तर वहाँले सहन गर्नु भयो» ।

रसुल ﷺ ले आफनो छोरा छोरिहरुको मृत्युको समयमा पनि निकै साहसले काम लिनु भयो, वहाँको सातवटा (७) सन्तान थियो, तर एक पछि एक सबै खसनु भयो, फातिमा رضي الله عنها बाहेक अरु कोहि जीवित रहनु भएन, तर पनि रसुल ﷺ कमजोर हुनु भएन, बरु साहसले काम लिनु भयो, आफनो छोरा इब्राहिमको मृत्यु समय वहाँले मात्र यति नै भन्नु भयो कि «आँखाबाट आँसु बगाउँदै छु , र मुटु भित्र दुःख भइरहेछ , तर पनि हामी मात्र त्यहि भन्छौं जे अल्लाहले चाहनु हुन्छ, हे इब्राहिम ! तिम्रो साथ छुटेर हामी धेरै दुखी छौं» ।

नबी ﷺ ले मात्र दुखः र अत्याचारलाई सहन गर्नु भएन, बरु अल्लाह तआलाको अनुसरण प्रति पनि धेरै सहन गर्नु भएकोछ , किन भने यो अल्लाहको आदेश थियो, वहाँले अल्लाहको अनुसरण र पुजामा यति संघर्ष गर्नु हुन्थ्यो कि लामो समय सम्म उभिएका कारण वहाँको दुवै पाइला फुलि हाल्थ्यो, अधिक भन्दा अधिक बतर्मा बसनु हुन्थ्यो, र अल्लाहको स्मरण गर्नु हुन्थ्यो,

त्यस बाहेक अरु पुजाहरुमा पनि संधै व्यसत हुनुहुन्थ्यो, र यदि यस बारे सोध पुछ हुन्थ्यो भने वहाँले भन्नु हुन्थ्यो «के म अल्लाहको आभारि भक्त न बनौं?» ।

## रसुल ﷺ को त्याग।

वासतवमा त्याग भनेको शब्द त्यस्लाई शोभिन्छ जुन् कुनै कार्यको क्षमता र शक्तिका बावजूद त्यस्लाई त्यागेको हुन्छ र यस प्रकार हाम्रो नबी मोहम्मद ﷺ संसारलाई त्यागने कर्ममा सबभन्दा महान त्यागी हुनु हुन्थ्यो, कहिले पनि धेरै कमाउने चाहना गर्नु भएन, बरु त्यतिमा नै संतुष्ट रहनु हुन्थ्यो जतिले आवश्यक्ता पुगि रहेको थियो, र संसार वहाँको हातमा हुँदा हुँदै पनि कठिन जीवन बिताउनु हुन्थ्यो, अल्लाहको दृष्टिमा वहाँ सबभन्दा महान मनुष्य हुनु हुन्थ्यो, तसर्थ यदि वहाँ इच्छुक हुन्थ्यो भने जति चाहन्थे त्यति धन् सम्पत्ति अल्लाहले वहाँलाई प्रदान गर्न सकनु हुन् थियो ।

एमाम इब्ने कसीर رحمه الله ले आफनो तफसीर (कुरआनको व्याख्या) मा खैसमाको हदिस नकल गरेको छ कि नबी ﷺ लाई सोधनु भयो कि यदि तपाई चाहनु हुन्छ भने हामी धर्तिको यस्तो खजाना र साँचो तपाइलाई प्रदान गर्छौं जस्तो तपाई भन्दा पहिला अरु कुनै नबीलाई प्रदान गरेका छैंनन्, र नत तपाई पछि अरु कसैलाई प्रदान गर्ने छौं, र अल्लाहको नजिक तपाइका लागि जेसुकै वर्दानहरु छन् त्यस्मा पनि कुनै प्रकारको कमी हुने छैन,

त वहाँले भन्नु भयो «त्यो सबै मेरो लागि प्रलोकमा जम्मा गरि राख»।

वहाँको जीवन र जीविकाको कुरा त एक दमै अचम्मको कुरा थियो, हजरत अबुजर رضي الله عنه ले भन्नु हुन्छ कि नबीﷺ सँग मदिनामा म हिंडदै थिए कि हामीले ओहदको पहाड देख्यौं, त वहाँले भन्नु भयो कि «मलाई खुशी लागदैन कि म सँग ओहद पहाड जति सुन् होस र तीन दिन सम्म एक दिनार पनि म सँग बाँकि रहोस, तर मात्र यति जुन् म आफनो श्रृणका लागि जम्मा गरि राखौं, र त्यस बाहेक सबै म अल्लाहको सेवकहरुमा यस्तो र यस्तो र यस्तो दायाँ, बायाँ, र पछाडिबाट लुटाइ दिन्छु» त्यस्तै वहाँले भन्नु भयो कि «संसार मेरो कुन् कामको, म त एउटा यात्री छु जुन् कुनै रुखको छायामा केहि क्षणको लागि बसिन्छ र फेरि त्यस्लाई छोडेर गइहालिन्छ»

## रसुल ﷺ को खान पीन र लुगाहरु।

रसुल ﷺ को भोजनको अवस्था यस्तो थियो कि कहिले एक महिना, कहिले दुइ महिना, र कहिले तीन महिना सम्म वहाँको घरमा केहि पाक्दैन थियो, र वहाँको खान पानका लागि मात्र पानी र खजुर हुन्थ्यो, कहिले दिन भर भुकको कारण उलट पलट गर्दै बसनु हुन्थ्यो, तर केहि पनि खाने कुरा पाउँदैन थियो, वहाँको रोटि जौको हुन्थ्यो, र वहाँले कहिले पनि नरम रोटि खाउनु भयो भन्ने कुरा लेखेको छैन, बरु वहाँको सेवक हजरत

अनस رضي الله عنه ले भनेको छ कि पाहुनाहरु आउने बाहेक अरु कहिले पनि वहाँ सँग दिन् र रातको भोजन्मा रोटि र मासु एक साथ भएको छैन ।

वहाँको लुगाहरुको अवस्था पनि उपरोक्त अवस्था भन्दा अधिक उत्तम थिएन, वहाँको साथीहरुले स्वयम वहाँको साधारण र मामुली लुगाको गवाही दिएका छन् , जब कि वहाँलाई महँगो लुगा लगाउने क्षमता थियो, वहाँको एउटा साथी वहाँको लुगाको कैफियत बयान गर्दै भन्नु हुन्छ कि केहि कुरा कानीका लागि म रसुल ﷺ को सेवामा उपस्थित भएँ, त के देख्छु कि वहाँले एउटा मोटो सुतिको धोति लगाएर बसि रहनु भएको थियो ।

हजरत अबु दर्दा رضي الله عنه हजरत आएशाको सेवामा उपस्थित हुनु भयो त हजरत आएशा رضي الله عنها ले एउटा टालो लगाइएको च्यादर र एउटा मोटो धोति निकालेर भन्नु भइ «यही दुइ लुगामा रसुल ﷺ को मृत्यु भएको छ» त्यस्तै हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «म रसुल ﷺ सँग हिँडने गर्दथे र वहाँ माथि नजरानको मोटो कुनाको च्यादर हुन्थ्यो» ।

मृत्युको समय रसुल ﷺ नत रुपयाँ पैसा, नत दास दासी, र नत अरु कुनै वसतु छोडेर जानु भयो, बरु मात्र एउटा सेतो खच्चर, र आफनो हत्यार छोडनु भयो, र जग्गाको एक टुका जस्लाई दान गरि दिनु भयो, हजरत आएशा رضي الله عنها ले भनेकिछिन् कि «रसुल ﷺ को देहान्त भयो र मेरो बकसामा मात्र आधा सेर

जौ बाहेक अरु केहि पनि थिएन» मृत्युको समय रसुल ﷺ को कवच एउटा यहुदि सँग केहि जौको बदलामा धरौटि राखिएको थियो ।

## रसुल ﷺ को न्याय र इन्साफ।

जहाँ सम्म न्यायको कोरो छ भने वहाँ अल्लाह सँग, आफु सँग, आफनो स्वासनीहरु सँग, र अरु सबै मानिसहरु सँग न्यायको व्यवहार गर्नु भयो, नातेदार र साधारण व्यक्तिहरु सँग, साथी र मित्र सँग, समर्थक र बिरोधी सँग, यहाँ सम्म कि ठुल ठुला दुशमन्हरु सँग पनि न्याय गर्नु भयो, कसैले वहाँ माथि औंला उठाउनु भयो, र कसैले वहाँलाई अपमानित गर्नु भयो, तर वहाँले अन्याय गर्नु भएन, बरु संधै न्याय गर्नु भयो, चाहे वहाँ आफनो छेत्रमा होस अथवा यात्राको समय अरुको छेत्रमा, साथीहरु बीच आफनो कुनै विशेषता न राखनु हुँदैन थियो, बरु न्याय, बराबरी, र उनीहरु जस्तै कष्ट र थकान उठाउनु हुन्थे, हजरत अब्दुल्लाह बिन मसऊद رضي الله عنه ले भन्नु भएछ कि «बद्रको युद्धमा जाँदा हामीहरु एक ऊँट माथि तीन व्यक्ति सवार भएका थियौं, र रसुल ﷺ को साथमा अबुलोबाबा र अली बिन अबुतालिब हुनु हुन्थए, जब रसुल ﷺ को पालो आयो त उनीहरुले भन्नु भयो, तपाई सवारि गर्नुस र हामी हिंडदै जानछौं, त रसुल ﷺ ले भन्नु भयो, तिमीहरु म भन्दा अधिक बल्यो होइन, र पुण्यको अवश्यक्ता मलाई तिमीहरु भन्दा कम छैन» ।

ओसैद बिन होजैर ﵁ ले साथीहरु सँग ठट्टा र दिल्लगी गरिरहनु भएको थियो, त नबी ﷺ ले वहाँको कम्मरमा एउटा छडिले घोचनु भयो, त ओसैदले भन्नु भयो, तपाइले मलाई पिडा र दुःख दिनु भयो, त अब मलाई बदला लिन दिनुस, त रसुल ﷺ ले भन्नु भयो «बदला लिइ हाल» त ओसैदले भन्नु भयो, तपाइले लुगा लगाएको हो र मैले लुगा लगाएको थिएन, त नबी ﷺ ले आफनो लुगा उठाउनु भयो, त्यस पछि ओसैदले वहाँको कोख र कम्मरमा मुइ खान थाल्यो, र भन्नु भयो कि मैले यही खोजेको हे अल्लाहको रसुल» ।

समाजमा न्यायको स्थापनाका लागि ईस्लामी होदुद (सजाय) लागु नगर्नमा कहिले सहमत हुनु भएन, चाहे अपराधि वहाँको नजिकी अथवा नातेदार नै किन नहोस, मखजुमी महिला जस्ले चोरि गरेकि थी, उस्को बिषयमा उसामाको पनि सिफारिस स्विकार गर्नु भएन, त्यहि अवसरमा वहाँले आफनो बहुमुल्य कुरा भन्नु भयो «हे मानिसहरु ! तिमीहरु भन्दा अघि मान्छेहरु मात्र यस कारण बर्बाद हुनु भयो कि यदि उनीहरु मध्ये कोहि हैसियतवाला चोरि गर्थ्यो भने त्यस्लाई छाड दिन्थ्यो, र यदि कुनै कमजोर व्यक्तिले चोरि गर्थ्यो भने त्यस्लाई सजाय दिन्थ्यो, अल्लाहको कसम यदि मेरो छोरि फातिमा पनि चोरि गर्छिन् भने म त्यस्को पनि हात काटी दिनेछु» ।

# قالوا عن محمد ﷺ
# मोहम्मद ﷺ को बारेमा
# महान व्यक्तिहरुको कथन

निम्नमा युरोपको विद्वान र फेलोसफिहरुले मोहम्मद ﷺ को बारेमा भनेको कुराहरु उल्लेख भएको छ , जस्बाट यो स्पष्ट हुन्छ कि उनीहरुले नबी ﷺ को महानता, नोबुव्वत, उच्च चरित्र, र वहाँले पेश गरेको संदेशलाई स्विकारेका छ जुन् ईस्लामको दुशमन र कट्टर पन्थीहरु द्वारा प्रसारित गरिएको गलत परोपगन्डाबाट धेरै टाँढा छन् ।

ब्रिटेन फेलोसफि बरनार्ड शोले आफनो किताब (मोहम्मद) (जस्लाई ब्रिटिश सरकारले जलाइ दिएको छ) त्यस्मा भन्नु हुन्छ «यस संसारलाई एउटा यस्तो व्यक्तिको अवश्यक्ता छ जुन् मोहम्मद जस्तो बिचार राखनु हुन्छ , त्यो नबी जस्ले सँधै आफनो धर्मलाई इज्जत, प्रतिष्ठा, र महान्ताको स्थान दिएको छ, र धर्म पनि यस्तो छ जुन् हरेक संसकृतिलाई समाप्त गरि सँधै विज्यी रहने क्षमता राख्दछ , मैले हेरि रहेछु कि मेरो समाजको अधिक व्यक्तिहरु प्रमाणको आधारमा यस धर्ममा प्रवेश गरि रहेका छन्, र छिटै महादेश युरोपमा यो धर्मले चाहिं ठुलो स्थान प्राप्त गर्ने छ» ।

अरु भन्नु भएछ कि <<बीचको शताब्धीमा युरोपको धार्मिक व्यक्तिहरुले मुर्खता र कट्टरताको कारण मोहम्मदको धर्मको बेचित्र नकसा पेश गरेका छन्, उनीहरुले मोहम्मदलाई किशचनको शत्रु घोषित गरेको छ, तर मैले यस व्यक्तिको बारेमा अध्यन गरेकोछु, वहाँ एउटा चमतकारि र आशचर्यजनक व्यक्ति हुनु हुन्छ, मैले यो निसकर्स निकालेको छु कि ऊ किशचन धर्मको दुशमन् छैन, बरु उस्लाई मानवताको रक्षक भन्नु पर्छ, र मेरो बिचारमा आज यदि ससारको शासन उस्को हातमा हुन्छ भने ऊ शान्ति सुरक्षाको स्थापना गर्नमा सक्षम हुन सकछ, यस्तो शान्ति सुरक्षा जस्को कामना सबै मानव जातिले गरिरहेको छ ।

नोबल पुरसकार पाइएको अन्ग्रेजी फेलोसफि थोमस कारलेल आफनो किताब (बीर) मा भन्नु भएकोछ कि <<आजको समयमा यस्तो हरेक व्यक्तिहरुलाई लज्जित हुनु पर्छ जुन् ईस्लाम भुठो धर्म हो र मोहम्मद भुठो र धोकाबाज हो भन्ने कुरामा विशवास राखनु हुन्छ , यस्तो घटीया र मुर्खता पुर्ण कुराको बिरोध गर्नु पर्छ , किन भने मोहम्मदले जुन् संदेष पुर्याइएको छ त्यो अहिले पनि १२ शताब्धी सम्म दुइ सय मिल्यन मानिसहरुका लागि सुर्यको किरन जस्तो उज्यालो छ, र एउटा यस्तो संदेष जस बमोजिम अन्गिण्त मानिसहरु आफनो जीवन बिताउनु भयो र त्यस्का लागि आफनो ज्यान प्राणको बली दिनु भयो के त्यस्मा कुनै भुठ र धोका हुन सकछ? ।

हिन्दु फेलोसफि राम कृषणा राऊले भन्नु भएकोछ ‹‹जुन समयमा मोहम्मद प्रकट हुनु भयो त्यो समयमा अरब द्विपको कुनै गिण्ती थिएन, यस्तो मरुभुमीबाट मोहम्मदले आफनो पवित्र आतमा द्वारा एउटा नयाँ संसार, नयाँ जीवन, नयाँ सभ्यता, र नयाँ संसकृति बनाउनमा सक्षम हुनु भयो जुन् मराकश देखि हिन्दुस्तान सम्म फैलिएको छ, र तीन महादेश एशिया, अफरिका, र युरोपको सोच बिचार र जीवनमा प्रभावित भएको छ›› ।

केनेडियन फेलोसफि जोवैमिरले भन्नु हुन्छ कि ‹‹निसन्देह मोहम्मद एउटा ठुलो धार्मिक लिडर हुनु हुन्थ्यो, र वहाँको निम्ति यो कुरा उपयुक्त हुन्छ कि वहाँ एउटा सक्षम समाज सुधारक, विग्मितापुर्ण र बोलनमा सिपालु, वीर कमाण्डो, र महान विद्वान हुनु हुन्थ्यो, यस बाहेक केहि नराम्रो चरित्र वहाँको बारेमा भन्नु मिलदैन, वहाँको कुरआन र वहाँको जीवनी द्वारा यो कुरा प्रमाणित भइसकेको छ›› ।

अन्ग्रेजी फेलोसफि सर विल्लयम मोवैरले भन्नु हुन्छ कि ‹‹मुस्लिमहरुको बनी मोहम्मद आफनो महान चरित्र र उच्च व्यवहारको कारण साना देखि नै सबै समाजको सहमतिले अमानतदारको नाम पाएको थिए, तसर्थ जुन् सुकै कारणले पनि मोहम्मदको अपमान गर्नु अथवा वहाँको जायज हक वहाँलाई नदिनु मुर्खता हुन्छ , ज्ञानी त त्यो हुन्छ जुन् वहाँको पवित्र इतिहासको अध्यन गर्नु हुन्छ , यस्तो इतिहास जस्ले सबै रसुल र

संसारको सबै विद्वानहरुमा मोहम्मदलाई सबभन्दा उच्च स्थान प्रदान गरेको छ›› ।

अरु यो पनि भनेको छ कि ‹‹मोहम्मद आफनो स्पष्ट भनाइले, र सजिलो धर्मले प्रधानता प्राप्त गरेको छ, वहाँले ठुल ठुलो आशचर्यजनक कामहरु सम्पन्न गर्नु भयो, इतिहासमा मोहम्मद जस्तो समाज सुधारक कोहि पनि आएको छैन, जस्ले आतमालाई जागरुपता प्रदान गरेको होस, राम्रो चरित्रलाई बहाल गरेको होस, र कम समयमा पवित्रताको महत्व बढाएको होस›› ।

रशियाको प्रसिद्ध फेलोसफि तोलसतवीले भन्नु भएकोछ कि ‹‹मोहम्मको गौरवको लागि यही प्रयापत छ कि एउटा नीच र हत्यारा समाजलाई घटया बानी र शैतानको शिकन्जाबाट मुक्ति दिनु भयो, बिकास र उन्नतीको बाटो खोलनु भयो, बुद्धि र बिचारले जुडिएका कारण छिटै मोहम्मदको धर्म संसारमा लागु हुनेछ›› ।

आस्टरेलियन फेलोसफि शेबराकले भन्नु हुन्छ कि ‹‹मोहम्मद माथि मानवताले गौरव महसुस गरि रहेको छ कि अन्पद् हुनका बावजूद वहाँले दशौं शताब्धी अघी नै यस्तो नियमको स्थापना गर्नु भयो जुन् हामी युरपी बासिन्दाहरु यदि पुर्ण रुपले आफनो जीवनमा लागु गयौं भने धेरै सुखी हुन्छौं र यसो भए हामी धेरै उन्नती प्राप्त गर्छौं›› ।